वर्ष : १५ | अंक : ११

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

२०८३ जेठ | 2026 May-June.

राष्ट्रिय मासिक



संघको अध्यक्षमा खत्री



## आगामी आर्थिक वर्ष

# आर्थिक पुनर्जागरण, कार्यान्वयनमै आशंका

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन बिडी ०.५/-, युएस ४ $/-




AR_Jestha_2083_BW.indd 2 6/27/2026 2:35:19 PM

# हार्दिक बधाई तथा शुभकामना



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को विशेष महाधिवेशनबाट अध्यक्षमा **डिकबहादुर खत्री (कुमार)**, प्रथम उपाध्यक्षमा **महेश बस्नेत**, द्वितीय उपाध्यक्षमा **अनिल बोगटी**, तृतीय उपाध्यक्षमा **लक्ष्मण पौडेल**, महासचिवमा **हरि डाँगी**, सचिवमा **केदारनाथ अधिकारी**, कोषाध्यक्षमा **धनमाया सिन्जाली** तथा कार्यसमिति सदस्यहरूमा **रमा खड्का, विवश ढुंगाना, ध्रुव जी.सी., तारामणि राई, तारा तामाङ, रविन्द्र राई** र **भावना गजुरेल** विजयी हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं। नवनिर्वाचित नेतृत्वले वैदेशिक रोजगार क्षेत्रको मर्यादा, पारदर्शिता, व्यावसायिक एकता तथा व्यवसायीहरूको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै संघलाई अझ सशक्त, प्रभावकारी र गौरवशाली बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं।

**नवराज केसी, अध्यक्ष**

## प्याराडाइज इन्टरनेशनल प्रा.लि.

बखुण्डोल, ललितपुर

# हार्दिक बधाई तथा शुभकामना



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को विशेष महाधिवेशनबाट अध्यक्षमा **डिकबहादुर खत्री (कुमार)**, प्रथम उपाध्यक्षमा **महेश बस्नेत**, द्वितीय उपाध्यक्षमा **अनिल बोगटी**, तृतीय उपाध्यक्षमा **लक्ष्मण पौडेल**, महासचिवमा **हरि डाँगी**, सचिवमा **केदारनाथ अधिकारी**, कोषाध्यक्षमा **धनमाया सिन्जाली** तथा कार्यसमिति सदस्यहरूमा **रमा खड्का, विवश ढुंगाना, ध्रुव जी.सी., तारामणि राई, तारा तामाङ, रविन्द्र राई** र **भावना गजुरेल** विजयी हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं। नवनिर्वाचित नेतृत्वले वैदेशिक रोजगार क्षेत्रको मर्यादा, पारदर्शिता, व्यावसायिक एकता तथा व्यवसायीहरूको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै संघलाई अझ सशक्त, प्रभावकारी र गौरवशाली बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं।

**राम श्रेष्ठ, अध्यक्ष**

## हार्भेष्टमुन ट्राभल्स्

## वाइड स्पेस ओभरसिज प्रा.लि.

गैरीधारा, काठमाडौं

## हार्दिक वधाई तथा शुभकामना



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को विशेष महाधिवेशनबाट अध्यक्षमा **डिकबहादुर खत्री (कुमार)**, प्रथम उपाध्यक्षमा **महेश बस्नेत**, द्वितीय उपाध्यक्षमा **अनिल बोगटी**, तृतीय उपाध्यक्षमा **लक्ष्मण पौडेल**, महासचिवमा **हरि डाँगी**, सचिवमा **केदारनाथ अधिकारी**, कोषाध्यक्षमा **धनमाया सिन्जाली** तथा कार्यसमिति सदस्यहरूमा **रमा खड्का**, **विवश ढुंगाना**, **ध्रुव जी.सी.**, **तारामणि राई**, **तारा तामाङ**, **रविन्द्र राई** र **भावना गजुरेल** विजयी हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं । नवनिर्वाचित नेतृत्वले वैदेशिक रोजगार क्षेत्रको मर्यादा, पारदर्शिता, व्यावसायिक एकता तथा व्यवसायीहरूको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै संघलाई अझ सशक्त, प्रभावकारी र गौरवशाली बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं ।

**किसन प्रधान**
अध्यक्ष

**देवेन्द्रनारायण श्रेष्ठ**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा: समाज**
पानीपोखरी, काठमाडौं

## हार्दिक वधाई तथा शुभकामना



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को विशेष महाधिवेशनबाट अध्यक्षमा **डिकबहादुर खत्री (कुमार)**, प्रथम उपाध्यक्षमा **महेश बस्नेत**, द्वितीय उपाध्यक्षमा **अनिल बोगटी**, तृतीय उपाध्यक्षमा **लक्ष्मण पौडेल**, महासचिवमा **हरि डाँगी**, सचिवमा **केदारनाथ अधिकारी**, कोषाध्यक्षमा **धनमाया सिन्जाली** तथा कार्यसमिति सदस्यहरूमा **रमा खड्का**, **विवश ढुंगाना**, **ध्रुव जी.सी.**, **तारामणि राई**, **तारा तामाङ**, **रविन्द्र राई** र **भावना गजुरेल** विजयी हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं । नवनिर्वाचित नेतृत्वले वैदेशिक रोजगार क्षेत्रको मर्यादा, पारदर्शिता, व्यावसायिक एकता तथा व्यवसायीहरूको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै संघलाई अझ सशक्त, प्रभावकारी र गौरवशाली बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं ।

**प्रेम कटुवाल**
पूर्वअध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ** तथा
अध्यक्ष

**ब्लुस्काई इन्टरनेशनल प्रालि**
चुनदेवी, महाराजगंज, काठमाडौं

## हार्दिक बधाई तथा शुभकामना



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को विशेष महाधिवेशनबाट अध्यक्षमा **डिकबहादुर खत्री (कुमार)**, प्रथम उपाध्यक्षमा **महेश बस्नेत**, द्वितीय उपाध्यक्षमा **अनिल बोगटी**, तृतीय उपाध्यक्षमा **लक्ष्मण पौडेल**, महासचिवमा **हरि डाँगी**, सचिवमा **केदारनाथ अधिकारी**, कोषाध्यक्षमा **धनमाया सिन्जाली** तथा कार्यसमिति सदस्यहरूमा **रमा खड्का**, **विवश ढुंगाना**, **ध्रुव जी.सी.**, **तारामणि राई**, **तारा तामाङ**, **रविन्द्र राई** र **भावना गजुरेल** विजयी हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं । नवनिर्वाचित नेतृत्वले वैदेशिक रोजगार क्षेत्रको मर्यादा, पारदर्शिता, व्यावसायिक एकता तथा व्यवसायीहरूको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै संघलाई अझ सशक्त, प्रभावकारी र गौरवशाली बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं ।

**जनक रावल**
अध्यक्ष

**मिलन कट्टेल**
महासचिव

**प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल**
गौशाला, काठमाडौं

# यसभित्र




आवरण

## आगामी आर्थिक वर्ष आर्थिक पुनर्जागरण कार्यान्वयनमै आशंका

आर्थिक पुनर्जागरणको महत्वाकांक्षी लक्ष्यसहित सरकारले २१ खर्बभन्दा बढीको बजेट ल्याएको छ। सुशासन, निजी क्षेत्र, रोजगारी, प्रविधि र वैदेशिक रोजगार सुधारलाई प्राथमिकता दिइए पनि यसको सफलता कार्यान्वयन क्षमतामै निर्भर रहने देखिएको छ। यसै विषयमा तयार पारिएको आवरण रिर्पोट :

८





१३ 'फ्रि भिसा, फ्रि टिकट' होइन वैज्ञानिक शुल्क निर्धारण हुन्छ : श्रममन्त्री यादव





१४ वैदेशिक रोजगार व्यवसायी संघमा नयाँ नेतृत्व, अध्यक्षमा खत्री विजयी





२० मध्यपूर्व संकटमा **नेपाली श्रमिकको सुरक्षाबारे** समन्वयात्मक छलफल





२८ चौतारी

बज्यैको **बह**

युवराज नयाँघरे





३० अनुभूति

एक हातको **ताली**

शम्भु सुस्केरा





१८ जनजीवन

राजेन्द्रको **राज**

● बिन्दु अधिकारी ढकाल





३२ मनोरञ्जन

समवेदनाले भरिएको **आरम्भ**

## सम्पादकीय

# नयाँ आर्थिक दिशामा महत्वाकांक्षी सरकार

आम जनमत लिएर बनेको वर्तमान सरकारले आफ्नो पहिलो नीति तथा कार्यक्रम र बजेटमार्फत देशलाई नयाँ आर्थिक दिशातर्फ लैजाने महत्वाकांक्षी खाका सार्वजनिक गरेको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ल्याइएको २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेटलाई सरकारले "आर्थिक पुनर्जागरण" को आरम्भ बिन्दुका रूपमा प्रस्तुत गरेको छ। राजनीतिक परिवर्तनको माग गर्दै सडकमा उत्रिएको युवा पुस्ताले अपेक्षा गरेको सुशासन, रोजगारी, पारदर्शिता र आर्थिक अवसरको सन्दर्भमा यो बजेटको परीक्षण हुने निश्चित छ।

बजेटले परम्परागत खर्चमुखी सोचबाट केही हदसम्म बाहिर निस्कने प्रयास गरेको देखिन्छ। उत्पादनमुखी अर्थतन्त्र, निजी क्षेत्रको विश्वास पुनर्स्थापना, डिजिटल अर्थतन्त्र, श्रम बजार सुधार, वैकल्पिक वित्त परिचालन र प्रशासनिक पुनर्संरचनालाई प्राथमिकतामा राखिनु सकारात्मक पक्ष हुन्। विशेषगरी ३१ सरकारी निकाय खारेज गर्ने, ६ निकाय गाभ्ने र १८ निकाय पुनर्संरचना गर्ने घोषणा राज्य संयन्त्रलाई चुस्त बनाउने दिशामा महत्वपूर्ण कदम मान्न सकिन्छ। कार्यालय सञ्चालन खर्च कटौतीमार्फत २० अर्ब रुपैयाँ बचत गर्ने लक्ष्यले पनि मितव्ययी शासनको संकेत दिएको छ।

कर प्रणालीमा गरिएको सुधार, आयकर छुट सीमा वृद्धि, औद्योगिक कच्चा पदार्थमा भन्सार सहुलियत तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने व्यवस्थाले आर्थिक गतिविधि चलायमान बनाउने अपेक्षा छ। विभिन्न फण्डजस्ता अवधारणाले नयाँ वित्तीय स्रोत खोज्ने प्रयासलाई प्रतिबिम्बित गर्छन्। नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न सक्ने कानुनी व्यवस्था तथा रिमोट वर्कलाई औपचारिक मान्यता दिनु युवा पुस्ताको बदलिँदो रोजगारी संरचनालाई स्वीकार गर्ने दूरदर्शी निर्णय हो। तर बजेटका सकारात्मक पक्षसँगै केही गम्भीर प्रश्नहरू पनि उब्जिएका छन्। अर्थतन्त्रको वास्तविक आकार, राजस्व संकलन क्षमता र खर्च गर्ने सरकारी संयन्त्रको कमजोर इतिहास हेर्दा महत्वाकांक्षी लक्ष्यहरू पुरा हुनेमा आशंका गर्ने ठाउँ प्रशस्त छ। सरकारले ७ प्रतिशत आर्थिक वृद्धि र ६ प्रतिशतभित्र मुद्रास्फीति सीमित गर्ने लक्ष्य राखे पनि त्यसको आधार स्पष्ट रूपमा देखिँदैन। वैकल्पिक वित्तीय उपकरणमार्फत स्रोत जुटाउने योजना प्रस्तुत भए पनि ती कार्यक्रम कार्यान्वयनको सुनिश्चितता र व्यावहारिकता अझै अस्पष्ट छ।

सबैभन्दा महत्वपूर्ण प्रश्न युवाको अपेक्षासँग जोडिएको छ। जेनजी आन्दोलनले स्थापित गरेको मूल मुद्दा केवल सरकार परिवर्तन थिएन, शासन संस्कृतिको परिवर्तन थियो। युवाहरूले अवसर खोजिरहेका छन्, आश्वासन होइन। बजेटले रोजगारी, श्रमिक सुरक्षा, न्यूनतम ज्याला, सामाजिक सुरक्षा र उद्यमशीलताको विषय समेटेको छ। तर लाखौं युवालाई विदेशिनबाट रोक्ने गरी उत्पादन र उद्योग क्षेत्रमा ठूलो रोजगारी सिर्जना गर्ने स्पष्ट कार्यक्रम भने अझै कमजोर देखिन्छ।

विपक्षी दलहरूले उठाएको स्रोत सुनिश्चितता, वितरणमुखी प्रवृत्ति र कृषि तथा युवा स्वरोजगारलाई पर्याप्त प्राथमिकता नदिएको आलोचना पनि पूर्ण रूपमा असान्दर्भिक मान्न सकिँदैन। नेपालको समस्या नीति निर्माणभन्दा बढी कार्यान्वयनमा रहेको यथार्थलाई सरकारले स्वीकार गर्नैपर्छ।

यो बजेट आशा र चुनौती दुवैको दस्तावेज हो। यसले परिवर्तनको संकेत दिएको छ, तर परिवर्तनको प्रत्याभूति दिएको छैन। जेनजी आन्दोलनबाट जागेको पुस्ताले अब भाषण, नारा र घोषणाभन्दा परिणाम खोजिरहेको छ। सरकारले सार्वजनिक गरेको आर्थिक पुनर्जागरणको सपना कार्यान्वयनमा रूपान्तरण गर्न सके मात्र यो बजेट ऐतिहासिक बन्नेछ। अन्यथा, यो पनि विगतका महत्वाकांक्षी तर अपूर्ण दस्तावेजहरूको सूचीमा सीमित हुने जोखिमबाट मुक्त हुने छैन।


रोजगार मिडिया प्रा.लि.

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १५ • अंक ११ • २०८३ जेठ

**सल्लाहकार**
शंकर खनाल

**सल्लाहकार सम्पादक**
युवराज नयाँघरे

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह–सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**संयोजक**
हेमन्त गौतम

**बजार प्रतिनिधि**
सविन विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हरिराम पौडेल

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८५१०९२६९६, ९८६३४९७१९१
इ-मेल: artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## सुरक्षा सुनिश्चित गरियोस्

खाडी मुलुकका लागि पुनः श्रम स्वीकृति खुला हुनु रोजगारीको खोजीमा रहेका हजारौं नेपाली युवाका लागि राहतको विषय हो। तर पश्चिम एसियामा अझै पूर्ण शान्ति कायम नभएकाले श्रमिकको सुरक्षालाई प्राथमिकतामा राख्न आवश्यक छ। सरकारले श्रम स्वीकृति खुला गर्ने निर्णयसँगै उद्धार योजना, दूतावासको सक्रियता र श्रमिक सुरक्षाका उपायहरू पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। रोजगारीको अवसरसँगै सुरक्षा प्रत्याभूति पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

*- राजन कुइकेल, काठमाडौं*

खाडीमा श्रम स्वीकृति पुनः खुला भए पनि यसले नेपाल वैदेशिक रोजगारीमा अत्यधिक निर्भर रहेको यथार्थलाई फेरि उजागर गरेको छ। क्षेत्रीय द्वन्द्व र अस्थिरताले नेपाली श्रमिकको भविष्य जहिल्यै जोखिममा पार्न सक्छ। त्यसैले सरकारले नयाँ श्रम गन्तव्य विस्तार गर्नुका साथै देशभित्रै रोजगारी सिर्जना गर्ने दीर्घकालीन नीति अवलम्बन गर्नुपर्छ। युवा विदेशिन बाध्य हुने अवस्था अन्त्य गर्नु नै समस्याको स्थायी समाधान हो।

*- गुञ्जन खडका, चितवन*

## मिहिनेत र सहकार्यको प्रेरणादायी उदाहरण



"जोडी हुनु त ज्ञानु र कृष्ण जस्तो !" शीर्षकको लेख पढ्दा जीवनमा सफलता प्राप्त गर्न ठूलो शिक्षा, ठूलो पद वा ठूलो सम्पत्ति भन्दा पनि मिहिनेत, इमान्दारिता र पारिवारिक सहकार्य आवश्यक रहेछ भन्ने अनुभूति भयो। शून्य अवस्थाबाट काठमाडौंमा संघर्ष गर्दै आफ्नै घर, व्यवसाय र सन्तानको उज्ज्वल भविष्य निर्माण गर्न सफल ज्ञानु र कृष्णको कथा आजका युवापुस्ताका लागि प्रेरणाको स्रोत बनेको छ। यस्ता वास्तविक संघर्ष र सफलताका कथाहरूले समाजमा आशा, आत्मविश्वास र कर्मशीलताको भावना जगाउने भएकाले यस्ता सामग्री अझ बढी प्रकाशित हुनुपर्छ।

*- बबिता कार्की, बुटवल*

## कानुन कार्यान्वयनमै सफलता निर्भर



पर्यटन क्षेत्रमा हेलिकप्टर उद्धारका नाममा हुने अनियमितता र बिमा ठगीविरुद्ध सरकारले 'जिरो टोलरेन्स' नीति अपनाउनु सकारात्मक कदम हो। यसले नेपालको पर्यटन क्षेत्रलाई थप विश्वसनीय र पारदर्शी बनाउन मद्दत गर्नेछ। तर, नीति र चेतावनी जारी गर्नु मात्र पर्याप्त हुँदैन। प्रभावकारी अनुगमन, निष्पक्ष अनुसन्धान र दोषीमाथि वास्तविक कारबाही भएमा मात्र यस्ता निर्णयको अर्थ रहन्छ। सरकारको यो अभियान निरन्तर र परिणाममुखी बनोस् भन्ने अपेक्षा छ।

*- बलराम सापकोटा, मलेसिया*

## सेतो गम्छामा लुकेको पीडा

'सेतो गम्छा' लेख पढ्दा वैदेशिक रोजगारीका लागि छोराछोरीलाई बिदाइ गर्ने हजारौं नेपाली अभिभावकको मौन पीडा आँखाअगाडि उभिएको महसुस भयो। कथामा किसन कन्हैयाको सेतो गम्छा केवल पसिना पुछ्ने कपडा होइन, त्यो त बिछोड, आशा, चिन्ता र संघर्षको प्रतीक बनेको छ। रोजगारीको अभावले गर्दा एकपछि अर्को सन्तान विदेशिन बाध्य हुने यथार्थ आज पनि नेपाली समाजको कटु सत्य हो। यस्ता रचनाले वैदेशिक रोजगारीको आर्थिक पक्ष मात्र होइन, त्यसले परिवारमा पार्ने भावनात्मक असरबारे पनि सोच्न बाध्य बनाउँछन्।

*- राज श्रेष्ठ, कतार*



## गजल



● अर्जुन शर्मा

मुटु खण्डित गरायौ, त्यो प्रहारै अर्कै थियो,  
तिम्रो त निष्ठुरी त्यो व्यवहारै अर्कै थियो।

खोज्दै हिँडे म रातभरि जुनको उज्यालो तर,  
भाग्यमा लेखिएको अन्धकारै अर्कै थियो।

सजाएँ आँसुले नै यो मरुभूमि जस्तो मन,  
बिझायो काँडा बनि त्यो बहारै अर्कै थियो।

सोधेनौ हाल मेरो जिउँदो लास बन्दा पनि,  
मौनतामा लुकेको चित्कारै अर्कै थियो।

गयौ छोडेर एक्लै आँधी चल्दा जिन्दगीमा,  
मैले भरोसा गरेको त्यो किनारै अर्कै थियो।



## आगामी आर्थिक वर्ष

# आर्थिक पुनर्जागरण, कार्यान्वयनमै आशंका

• अर्थ र रोजगार

झण्डै दुई तिहाईको सरकारले आगामी आर्थिक वर्षका लागि महत्वकांक्षी नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ। सरकारले आर्थिक बर्ष २०८३/०८४ का लागि कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको हो।

अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले संघीय संसदमा पेस गरेको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेटमा चालु खर्चतर्फ ५९.८ प्रतिशत अर्थात १२ खर्ब ७० अर्ब ५८ करोड, पुँजीगततर्फ २०.३ प्रतिशत अर्थात ४ खर्ब ३१ अर्ब १० करोड र वित्तीय व्यवस्थातर्फ १९.९ प्रतिशत अर्थात ४ खर्ब २२ अर्ब २४ करोड रकम विनियोजन गरेका छन्।

जसको श्रोत व्यवस्थापनका लागि सरकारले आन्तरिक राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड, आन्तरिक ऋणबाट ४ खर्ब १९ अर्ब, वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब र वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड जुटाउने उल्लेख गरेको छ।

संघीय संसद्मा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटले परम्परागत खर्चमुखी ढाँचाभन्दा बाहिर निस्केर सुशासन, उत्पादन, प्रविधि, निजी क्षेत्रको विश्वास पुनर्स्थापना र रोजगारी सिर्जनालाई केन्द्रमा राखेको छ। अर्थमन्त्री डा. वाग्लेले प्रस्तुत गरेको बजेटलाई सरकारको "आर्थिक पुनर्जागरण" अभियानको प्रारम्भिक खाकाका रूपमा हेरिएको छ।

सरकारले बजेट सार्वजनिक गर्दै विकास, सामाजिक सुरक्षा, प्रशासनिक सुधार र पूँजीगत लगानीबीच सन्तुलन मिलाउने प्रयास गरेको छ। बजेटले वित्तीय अनुशासन, खर्च नियन्त्रण र वैकल्पिक वित्त परिचालनलाई विशेष प्राथमिकतामा राखेको छ। सरकारले बजेटमार्फत उत्पादनमुखी अर्थतन्त्र, रोजगारी सिर्जना, निजी क्षेत्र प्रवर्द्धन, प्रविधिमैत्री विकास र सुशासनलाई मुख्य प्राथमिकतामा राखेको छ।

यस बजेटको मुख्य विशेषता वित्तीय व्यवस्थापनमा देखिएको आक्रामक सुधार हो। सरकारले कार्यालय सञ्चालन खर्च कटौती, अनावश्यक संरचना खारेजी र प्रशासनिक पुनर्संरचनामार्फत करिब २०



AR_Jestha_2083_BW.indd 8 6/27/2026 2:35:28 PM

अर्ब रुपैयाँ बचत हुने अनुमान गरेको छ। ३१ निकाय खारेज, ६ निकाय गाभ्ने र १८ निकाय पुनर्संरचना गर्ने घोषणा बजेटको सबैभन्दा ठूलो संरचनात्मक सुधार मानिएको छ।

सरकारले कर प्रणालीमा व्यापक पुनरावलोकन गर्दै आयकर छुट सीमा दोब्बर बढाएर १० लाख रुपैयाँ पुऱ्याएको छ भने व्यक्तिगत आयकरको अधिकतम दर घटाएको छ। औद्योगिक कच्चा पदार्थमा भन्सार कटौती र ३६० वस्तुको अन्तःशुल्क खारेजमार्फत निजी क्षेत्रलाई राहत दिने प्रयास गरेको छ।

वैकल्पिक वित्त परिचालनतर्फ सरकारले अफसोर बण्ड, स्वच्छ ऊर्जा बण्ड तथा डायस्पोरा बण्ड जारी गर्ने घोषणा गरेको छ। साथै “सोभरेन वेल्थ फण्ड” र “मातृभूमि कोष” स्थापना गरेर रणनीतिक क्षेत्रमा लगानी गर्ने योजना अघि सारिएको छ।

कर्मचारीको सुविधा वृद्धि सँगसँगै कार्यसम्पादन, जवाफदेहिता र दक्षतालाई जोड दिइएको छ। तालिम, उपकरण खरिद तथा अनावश्यक खर्च कटौती गरेर “मितव्ययी शासन” को अभ्यास सुरु गरिएको सरकारको दाबी छ।

कर प्रशासनलाई दण्डात्मक नभई सहजीकरणमुखी बनाउने नीति पनि बजेटको अर्को विशेषता हो। लामो समयदेखि अदालतमा रहेका कर विवाद समाधानका लागि विशेष छुट योजना ल्याइएको छ।

बजेटले कर्मचारीको तलब तथा सेवा सुविधा वृद्धि, श्रमिक सुरक्षा, न्यूनतम ज्याला कार्यान्वयन र अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने नीति लिएको छ। नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने कानुनी व्यवस्था गर्दै “रिमोट वर्क” लाई औपचारिक मान्यता दिने घोषणा गरिएको छ।



**डा. प्रकाशशरण महत**
पूर्वअर्थमन्त्री

## महत्वाकांक्षी र अव्यवहारिक बजेट

बजेट अत्यन्तै महत्वाकांक्षी र अव्यावहारिक छ। १४ खर्ब रुपैयाँभन्दा बढी राजस्व उठाउने र ऋण लिने सरकारी योजना व्यावहारिक छैन। बजेटमा कर्मचारीको तलब वृद्धि र केही क्षेत्रगत सुधारका प्रयासहरू सकारात्मक भए पनि खर्च गर्ने क्षमता र स्रोत व्यवस्थापनमा ठूलो चुनौती छ। कृषि प्रोत्साहन र सार्वजनिक संस्थानहरूको पुनर्संरचना गर्ने सरकारी नीतिहरू सुन्दा राम्रो लागे पनि तिनको सफल कार्यान्वयनमा शंका छ।

बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णीम वाग्लेले यो आर्थिक पुर्णजागरणको आरम्भ विन्दु भएको बताए। उनले भने -'यो बजेट राज्य सञ्चालनको नयाँ सोच र सन्त्रास होइन, आर्थिक रूपान्तरणको स्पष्ट मार्गचित्र र नागरिकसँग गरिएको राजनीतिक करार कार्यान्वयनको प्रारम्भ-बिन्दु हो'। यस अघि आफुहरूको बाचापत्रसहित सबै राजनैतिक दलको एजेण्डालाई सम्वोधन गर्दै नीति तथा कार्यक्रम ल्याइएको र सोही अनुसार बजेट निर्माण गरिएको अर्थमन्त्री वाग्लेले बताए।

'सुधार र रूपान्तरणका यी कार्यक्रमहरूको प्रभावस्वरूप आगामी आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धि हासिल हुने तथा मूल्य वृद्धिदर ६ प्रतिशतभित्र सीमित रहने विश्वास लिएको छु। बजेटमा घोषणा गरिएका नीतिगत सुधार र कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने गरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति जारी हुनेछ।' अर्थमन्त्री वाग्लेले भने- 'सुशासन, सदाचार र समन्यायिक समृद्धिमा केन्द्रित यी कार्यक्रमहरूको इमानदारिपूर्ण कार्यान्वयनबाट नै नेपाललाई आगामी पाँच वर्षभित्र सुशासित, समुन्नत र स्वाभिमानी राष्ट्रमा रूपान्तरण गर्ने सोचौं योजना र दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल हुने विश्वास लिएको छु।'

### बजेट : सकारात्मक प्रतिक्रिया

सरकारले ल्याएको बजेटप्रति अधिकांशले सकारात्मक रहेको टिप्पणी गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अन्जन कुमार श्रेष्ठले समग्र बजेट सुन्दा उत्साहित रहेको बताए। उनले भने 'बजेटले धेरैजसो विषयलाई सम्बोधन गर्न खोजेको छ, तथापी विस्तृत विवरण हेर्न भने बाँकी नै छ। बजेटले देशमा शिथिल भएको अर्थतन्त्रलाई पुनर्जागरण गराउछ भन्ने अपेक्षा गरेका छौं।'

यता नेपाली कांग्रेसका सचेतक निश्कल राईले सरकारले अनौपचारिक अर्थतन्त्रलाई समेट्ने प्रयास गरेको र त्यसतर्फ केही जोड दिन खोज्नु सकारात्मक रहेको टिप्पणी गरे। उनले भने 'कर प्रणाली र कर व्यवस्थापनमा केही परिवर्तन गर्न खोजिएको छ त्यो सकारात्मक छ, तर सरकारको खर्च गर्ने क्षमता कमजोर रहेकाले बजेटको आकार ठूलो बनाउँदैमा सकारात्मक प्रतिफल आउछ भन्ने छैन।'

यता पूर्वअर्थमन्त्री तथा नेकपाका सांसद वर्षमान पुनले भने बजेट योजना आयोगले सिलिङ तोकेको भन्दा ठुलो आएपनि त्यो वास्तविक नदेखिएको बताए। सरकारले कृषि क्षेत्रमा सुधार, युवा स्वरोजगारलगायतको उल्लेख्य कार्यक्रम ल्याउन नसकेको आरोप लगाउदै उनले भने 'स्थानीय तहको निर्वाचनलाई केन्द्रमा राखेर वितरणमुखी बजेट ल्याएको देखियो।'



**वर्षमान पुन,**
पूर्वअर्थमन्त्री तथा सांसद

## वितरणमुखी बजेट ल्याइयो

यो बजेट निकै ठुलो देखियो तर वास्तविक देखिएन। योजना आयोगले तोकेको सिलिङ २० खर्ब वरिपरि थियो। त्यसमा डेढ खर्बभन्दा बढी बढाइएको छ। सरकारले स्थानीय तहको निर्वाचनलाई केन्द्रमा राखेर वितरणमुखी बजेट ल्याएको देखियो। कृषि क्षेत्रमा सुधार, युवा स्वरोजगारलगायतको उल्लेख्य कार्यक्रम बजेटले ल्याउन सकेन।



AR_Jestha_2083_BW.indd 9 6/27/2026 2:35:28 PM



**अन्जनकुमार श्रेष्ठ,** अध्यक्ष,
नेपाल उद्योग वाणिज्य महासंघ

## हामी उत्साहित छौं

बजेटले धेरैजसो विषयलाई सम्बोधन गर्न खोजेको छ। समग्र बजेटबाट हामी उत्साहित छौं, तथापी विस्तृत विवरण हेर्न भने बाँकी नै छ। करका दर घटाउन खोजेको जस्तो देखिन्छ। कृषिलाई पनि प्रोत्साहन गर्न खोजिएको छ।

अहिले व्यक्त भएका प्रतिबद्धताका कार्यान्वयन पक्ष पनि हेर्नुपर्नेछ। अहिले एउटै सरकारको बहुमतको अवस्था छ। यस्तो सरकारले आफूले गरेको प्रतिबद्धता पूरा गरेर लैजान्छ, देशमा शिथिल भएको अर्थतन्त्रलाई पुनर्जागरण हुन्छ भन्ने अपेक्षा गरेका छौं।

नेकपा एमालेका सांसद गुरु बरालले बजेट कार्यक्रमले आधारभूत वर्गका लागि अवसर प्रदान गर्ने योजना कार्यक्रम समेट्न नसकेको बताए। उनले सरकारले विभिन्न कार्यक्रम अघि सारेपनि स्रोत बारे नबोलिएको संकेत गर्दै भने 'मिसनमोड, सनसेट, मातृभूमि, च्यालेन्ज फण्डजस्ता विषय उठाइए पनि त्यसको सुनिश्चितता बजेटले बोल्न सकेको छैन।'

पारिश्रमिक र सेवा सुविधामा सुधार

सरकारले निजामती, जंगी, प्रहरी तथा शिक्षक कर्मचारीको सेवा सुविधा करिब २१ प्रतिशतले वृद्धि गरेको छ। महंगी भत्ता कायम राखेर आधारभूत तलबमा १० प्रतिशत वृद्धि गरिएको छ। यस्तै, १० प्रतिशत मासिक प्रोत्साहन भत्ता कर्मचारीले पाउने छन्।

अर्थमन्त्री डा. वाग्लेले बजेट भाषणमार्फत न्यूनतम ४० हजारदेखि अधिकतम एक  लाखभन्दा बढी कायम गरिएको बताए। उनले भने 'पछिल्लो चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि नभएको यस अवधिमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मूल्यवृद्धि १७.३ प्रतिशत भएको र मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधा पुनरावलोकन गर्नुपर्ने महसुस गरेको छु।'

यस्तै, श्रमिक तथा रोजगारदातालाई अनिवार्य रूपमा श्रम रजिष्ट्रिमा आबद्ध गरिने, निर्माण, कृषि, आतिथ्य, ढुवानी तथा औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकका लागि बीमा, आवास, डिजिटल गुनासो व्यवस्थापन र कार्यस्थल सुरक्षा मापदण्ड लागू गरिने भएको छ।

सरकारले श्रम क्षेत्रमा लिखित सम्झौता, न्यूनतम ज्याला, बैंकमार्फत पारिश्रमिक भुक्तानी तथा कार्यस्थल सुरक्षा अनिवार्य गर्ने नीति लिएको छ। श्रम शोषण, ज्याला ठगी र सम्झौता उल्लंघनलाई आर्थिक अपराधसरह कानुनी दायरामा ल्याइने घोषणा पनि गरिएको छ।

**वैदेशिक रोजगारलाई मर्यादित र उत्पादनमुखी बनाइने**

सरकारले आगामी आर्थिक वर्षमा श्रम तथा वैदेशिक रोजगार क्षेत्रलाई प्राथमिकतामा राख्दै रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, वैदेशिक रोजगारलाई सुरक्षित तथा मर्यादित बनाउने र युवालाई सीपयुक्त जनशक्ति बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रम घोषणा गरेको छ। यसका लागि श्रम तथा रोजगार क्षेत्रमा ३ अर्ब ६३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

सरकारले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उपभोगमुखी प्रवृत्तिबाट उत्पादनशील क्षेत्रमा रूपान्तरण गर्न 'विप्रेषण-लगानी मिलान कोष' सञ्चालन गर्ने भएको छ। साथै, विदेशबाट फर्किएका नेपालीहरूको ज्ञान, सीप र अनुभवको उपयोग गर्न रिटर्न माइग्रेन्ट कार्यक्रम कार्यान्वयन गरिने जनाइएको छ। युवालाई विभिन्न विषयगत छोटो अवधिका तथा कार्यस्थलमा आधारित तालिममार्फत सीपयुक्त बनाइने सरकारको योजना छ।

वैदेशिक रोजगारलाई थप सुरक्षित र मर्यादित बनाउन विद्यमान श्रम सम्झौताहरूको पुनरावलोकन गरिने तथा नयाँ गन्तव्य मुलुकसँग थप सम्झौता गरिने जनाइएको छ। विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धार तथा मृत्यु भएका श्रमिकको शव सहज रूपमा स्वदेश ल्याउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

सरकारले सीप हाँसिल गरेपछि मात्र वैदेशिक रोजगारीमा जान पाउने व्यवस्था लागू गर्ने जनाएको छ। श्रमिकलाई बिना धितो ऋण उपलब्ध गराउने तथा रोजगारदाताबाट किस्ताबन्दीमा भुक्तानी हुने व्यवस्था मिलाएर वैदेशिक रोजगारलाई पारदर्शी, मर्यादित र स्वचालित बनाइने जनाइएको छ। साथै, शून्य लागत वैदेशिक रोजगारको अवधारणालाई प्रोत्साहन गर्न सेवा शुल्कलाई श्रममैत्री बनाइने नीति लिइएको छ। औपचारिक माध्यमबाट रेमिट्यान्स भित्र्याउन प्रोत्साहन गर्न रेमिट्यान्सको प्रत्येक रिसिप्टका आधारमा लट्री कार्यक्रम सञ्चालन गरिने भएको छ।

यस्तै बजेटले पहिलोपटक "रिमोट वर्क" लाई स्पष्ट रूपमा सम्बोधन गरेको छ। नेपालमै बसेर विदेशी रोजगारदाताका





AR_Jestha_2083_BW.indd 10 6/27/2026 2:35:28 PM

‘लगानी एक्सप्रेस’ अवधारणाअन्तर्गत आगामी तीन महिनाभित्र स्वचालित रुट प्रणाली लागू र कम्पनी दर्तादेखि भिसा आवेदनसम्मका सेवा एउटै प्रणालीमा आबद्ध गरिने घोषणा गरिएको छ ।



**निश्कल राई,** सांसद
नेपाली कांग्रेस

## आकार ठूलो हुँदैमा प्रतिफल सकारात्मक आउँदैन

सरकारको खर्च गर्ने क्षमता कमजोर रहेकाले बजेटको आकार ठूलो बनाउँदैमा सकारात्मक प्रतिफल आउँदैन । यसपटकको बजेट विगतकै निरन्तरता जस्तो देखिएको छ यद्यपि कर प्रणाली र कर व्यवस्थापनमा केही परिवर्तन गर्न खोजिएको छ, त्यो सकारात्मक छ । सरकारले अनौपचारिक अर्थतन्त्रलाई समेट्ने प्रयास गरेको छ र त्यसतर्फ केही जोड दिन खोजिएको देखिएको छ ।

लागि काम गर्न सक्ने कानुनी व्यवस्था गरिने सरकारको घोषणा छ । यसले सूचना प्रविधि तथा डिजिटल क्षेत्रमा हजारौं युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

प्रवासी तथा अनौपचारिक क्षेत्रमा काम गरेका श्रमिकको सीपलाई औपचारिक मान्यता दिन “पूर्व सिकाइ मान्यता” प्रणाली लागू गरिने भएको छ । श्रमिक सुरक्षाका लागि कार्यस्थल दुर्घटनामा अनिवार्य क्षतिपूर्ति तथा बीमा दाबी प्रणालीलाई प्रभावकारी बनाइने घोषणा गरिएको छ । अनौपचारिक तथा असंगठित क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्न विशेष अभियान सञ्चालन गरिने जनाइएको छ ।

**एआई, प्रविधि र स्टार्टअपमा जोड**

सरकारले काठमाडौंको स्युचाटारमा देशकै पहिलो “सार्वभौम एआई कम्प्युट केन्द्र” स्थापना गर्ने घोषणा गरेको छ । हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी एआई उद्यमी र स्टार्टअपलाई सहुलियतपूर्ण कम्प्युट क्षमता उपलब्ध गराइने बजेटमा उल्लेख छ ।

एआई क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याति बनाइरहेका कम्तीमा १५ जना नेपाली अनुसन्धानकर्तालाई प्रतिष्ठित फेलोसिप प्रदान गरेर नेपाल फर्काई योगदान गर्न आमन्त्रण गरिने घोषणा गरिएको छ ।

सरकारले विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तनका लागि पुँजीगत खर्चको कम्तीमा १ प्रतिशत रकम विनियोजन गरेको जनाएको छ । स्टार्टअप, नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक रूपान्तरणको आधार बनाउने घोषणा गर्दै सरकारले स्टार्टअपलाई नाफा-आधारित कर सहुलियत, सार्वजनिक खरिदमा प्राथमिक पहुँच, डिजिटल दर्ता तथा नियामकीय सहजीकरण उपलब्ध गराउने भएको छ ।

स्टार्टअपका लागि तीन तहको वित्तीय मोडेल ल्याइएको छ । प्रारम्भिक चरणमा अनुदान, सम्भाव्यता प्रमाणित भएपछि सहुलियतपूर्ण कर्जा र विस्तार चरणमा वृद्धि पूँजीको व्यवस्था गरिने बजेटमा उल्लेख छ ।

एञ्जेल इन्भेष्टमेन्ट, भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फण्डलाई प्रोत्साहन गर्न कानुनी व्यवस्था गरिने भएको छ । महिला उद्यमीलाई विशेष आर्थिक क्षेत्रभित्र प्राथमिकता दिने तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने घोषणा पनि गरिएको छ ।

**निजी क्षेत्रलाई राहत र लगानीमैत्री वातावरण**

निजी क्षेत्रको आत्मविश्वास बढाई अर्थतन्त्र चलायमान बनाउने नीति लिइएको बजेटमा उल्लेख छ । उद्योग तथा व्यवसायका लागि करका दरमा पुनरावलोकन, कच्चा पदार्थमा भन्सार घटाउने तथा विभिन्न करहरू एकीकृत गर्ने घोषणा गरिएको छ ।

सरकारले निजी क्षेत्रको आत्मविश्वास पुनर्स्थापना गर्न कर संरचनामा व्यापक सुधार गरेको छ । आयकर छुटको सीमा दोब्बर बढाएर १० लाख रुपैयाँ पुऱ्याइएको छ भने व्यक्तिगत आयकरको अधिकतम दर १० प्रतिशत बिन्दुले घटाइएको छ । २७३ प्रकारका औद्योगिक कच्चा पदार्थमा भन्सार दर घटाइएको छ भने ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिएको घोषणा गरिएको छ ।

निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत व्यापार गर्न दिने तथा प्रसारण लाइन निर्माणमा समेत सहभागी गराइने भएको छ । औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र निजी क्षेत्रले निर्माण तथा सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । व्यवसाय पुनरुत्थान कर्जा उपलब्ध गराई समस्याग्रस्त उद्योगलाई पुनः सञ्चालनमा ल्याउने नीति लिइएको छ ।

व्यवसायी र उद्योगीलाई लक्षित गर्दै सरकारले कर विवाद समाधानका लागि विशेष छुट योजना ल्याएको छ । अदालतमा विचाराधीन कर मुद्दा तोकिएको रकममा एक प्रतिशत थप गरेर बुझाए जरिवाना, ब्याज र



**गुरु बराल,** सांसद
नेकपा एमाले

## बजटले ठोस आधार दिन सकेको छैन

बजेट कार्यक्रमले आधारभूत वर्गका लागि अवसर प्रदान गर्ने योजना कार्यक्रम समेटेको देखिएन । बजेटले मध्यमवर्गको उद्यमशीलता विकास गर्न ढोका खोल्न सकेको छैन । मिसनमोड, सनसेट, मातृभूमि, च्यालेन्ज फण्डजस्ता विषय उठाइए पनि त्यसको सुनिश्चितता बजेटले बोल्न सकेको छैन । नेपाललाई ग्रे लिस्टबाट हटाउने सैद्धान्तिक कुरा गरेपनि ठोस आधार दिन सकेको छैन ।



AR_Jestha_2083_BW.indd 11 6/27/2026 2:35:28 PM

शुल्क मिनाहा हुने व्यवस्था गरिएको छ।

सरकारले लगानी प्रवर्द्धनका लागि कम्पनी कानून, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, दामासाही ऐन लगायतमा संशोधन गर्ने घोषणा गरेको छ। विदेशी लगानी फिर्ता लैजान नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिने भएको छ।

यस्तै, "लगानी एक्सप्रेस" अवधारणाअन्तर्गत आगामी तीन महिनाभित्र स्वचालित रुट प्रणाली लागू गरिनेछ। कम्पनी दर्तादेखि भिसा आवेदनसम्मका सेवा एउटै प्रणालीमा आबद्ध गरिने घोषणा गरिएको छ।

**एनआरएनएलाई लगानीमा विशेष प्राथमिकता**

संविधानले सुनिश्चित गरेको 'गैर आवासीय नेपाली नागरिकता' सम्बन्धी प्रावधानमा समसामयिक संशोधन गरी "एक पटकको नेपाली, सधैंको नेपाली" भन्ने नारालाई मूर्तरूप दिने उल्लेख गर्दै बजेटमा गैरआवासीय नेपालीलाई सबै किसिमका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गरी राष्ट्र निर्माणको मूल अभियानमा समावेश गर्ने उल्लेख छ।

जस अनुसार सरकारले गैरआवासीय नेपालीलाई दोस्रो बजारमा शेयर कारोबार गर्न कानुनी व्यवस्था सहज बनाउने घोषणा गरेको छ। यस्तै डायस्पोराको सीप, पूँजी र सञ्जालको उपयोग गर्न "डायस्पोरा बण्ड" जारी गरिने, स्टार्टअप तथा नवउद्यममा गैरआवासीय नेपालीको सह-लगानीलाई प्रोत्साहन गरिने बजेटमा उल्लेख छ।

प्रवासमा रहेका नेपालीलाई लोकतान्त्रिक प्रक्रियामा सहभागी गराउन मतदान अधिकार सुनिश्चित गर्न कानुनी, प्राविधिक तथा प्रशासनिक पूर्वाधार तयार गरिने घोषणा पनि सरकारले गरेको छ।

**कृषिमा उद्यम र रोजगारी**

कृषि क्षेत्रलाई सम्मानजनक र लाभमुखी व्यवसायका रूपमा रूपान्तरण गर्ने लक्ष्यसहित सरकारले न्यूनतम २ करोड रुपैयाँसम्म कृषि तथा पशुजन्य उत्पादनमा लगानी गर्ने कृषकलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने पाइलट कार्यक्रम घोषणा गरेको छ। कृषि तथा पशु बीमामा ८० प्रतिशतसम्म प्रिमियम अनुदान दिने तथा कृषि सेवा प्रणालीलाई "किसान केन्द्रित" बनाउने घोषणा पनि गरिएको छ।

## नीति तथा कार्यक्रमको प्राथमिकता

**१. आर्थिक समृद्धिको यात्रा**

- नेपाललाई मध्यम आययुक्त राष्ट्रमा स्तरोन्नति गर्न आगामी दशकमा औसत ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य।
- उत्पादन लागत घटाउने, व्यवसायमैत्री वातावरण बनाउने तथा स्वदेशी, विदेशी र प्रवासी लगानी आकर्षित गर्ने नीति।
- सम्पूर्ण आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित र पारदर्शी अर्थतन्त्र निर्माण।
- सूचना प्रविधि, हरित उद्योग, पर्यटन, कृषि तथा सेवा निर्यातलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गर्ने।
- "लगानी एक्सप्रेस" नीति लागू गरी व्यवसाय दर्तादेखि निर्माण अनुमति तीन दिनभित्र सम्पन्न गर्ने व्यवस्था।

**२. सुशासन**

- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने।
- सार्वजनिक सेवा प्रवाहमा सुधार, प्रशासनिक चुस्तता र उत्तरदायी शासन प्रणालीलाई प्राथमिकता।
- सरकारले अघि सारेका शासकीय सुधारका १०० कार्यसूचीको पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने।
- सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने तथा सार्वजनिक संस्थान सुधार, गाभ्ने, साझेदारी वा विनिवेशको स्पष्ट नीति लागू गर्ने।
- डिजिटल सुशासन ब्लुप्रिन्टअनुसार राष्ट्रिय डिजिटल पूर्वाधार र ई-गभर्नेन्स प्रणाली विकास गरिने।

**३. रोजगारी**

- नयाँ राष्ट्रिय रोजगार नीति तर्जुमा गरी सीप, शिक्षा, श्रम बजार सूचना र रोजगार सेवालाई एकीकृत गरिने।
- "कमाउँदै सिक्दै" अवधारणामा आधारित राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गरिने।
- नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने 'रिमोट वर्क' नीतिको कानुनी व्यवस्था गरिने।

विदेशबाट फर्किएका युवाको सीप अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय प्रमाणीकरणको व्यवस्था।

- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र प्रतिफलयुक्त बनाउने तथा श्रम शोषणविरुद्ध कडा कारबाही।
- आर्थिक वर्ष २०८३/८४ देखि २०९२/९३ सम्मलाई "रोजगार प्रवर्द्धन दशक" का रूपमा सञ्चालन गरिने।

**४. निजी क्षेत्र**

- निजी क्षेत्रलाई आर्थिक वृद्धिको साझेदारका रूपमा स्थापित गर्दै सार्वजनिक-निजी साझेदारी (एएए) विस्तार गरिने।
- स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा सहजीकरण।
- लगानी जोखिम बाँडफाँट र परियोजना पाइपलाइन निर्माणमार्फत निजी लगानी आकर्षित गरिने।
- ऊर्जा, पर्यटन, कृषि प्रशोधन, प्रविधि र निर्यातमुखी उद्योगमा निजी क्षेत्रको सहभागिता बढाइने।
- औद्योगिक ग्राम, विशेष आर्थिक क्षेत्र तथा लगानीमैत्री नीतिमार्फत उद्योग विस्तार गरिने।

**५. गैरआवासीय नेपाली**

- स्वदेशी, विदेशी तथा प्रवासी नेपालीको लगानी आकर्षित गर्न विशेष आर्थिक सुधार र पूर्वाधार विकास गरिने।
- पूँजी बजारमा गैरआवासीय नेपालीको सहभागिता विस्तार गरिने।
- डायस्पोरा पूँजी परिचालन गरी पूर्वाधार वित्तपोषणको नयाँ मोडेल लागू गरिने।
- तोकिएको सीमा भन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई "नेपाल लगानी भिसा" उपलब्ध गराइने।
- विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीमा रूपान्तरण गर्न "विप्रेषण-लगानी मिलान कोष" सञ्चालन गरिने।
- रिभर्स माइग्रेसन (फर्कने प्रवासी) लाई प्रोत्साहन गर्न एकीकृत प्रोत्साहन प्याकेज ल्याइने।



AR_Jestha_2083_BW.indd 12 6/27/2026 2:35:28 PM

# 'फ्रि भिसा, फ्रि टिकट' होइन, वैज्ञानिक शुल्क निर्धारण हुन्छ : श्रममन्त्री यादव



युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले वैदेशिक रोजगारीमा जाने कामदारका लागि सेवा शुल्क तोकिने बताएका छन् । मन्त्रालयमा आयोजित 'सुरक्षित वैदेशिक रोजगार' विषयक अन्तक्रियामा बोल्दै उनले आफ्नै कार्यकालमा यो व्यवस्था लागू गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन ।

कामदार विदेश पुग्दासम्म एक रुपैया मात्र खर्च भयो भने पनि त्यो इथिकल रिक्रुटमेन्ट अन्तर्गत नपर्ने भन्दै मन्त्री यादवले त्यो बेला सरकारले इथिकल रिक्रुटमेन्ट लागू गराउन खोजेको थियो भने फ्रि भिसा, फ्रि टिकट भन्ने शब्द नै गलत रहेको बताए ।

'अहिलेको सन्दर्भमा फ्री भिसा फ्रि टिकटको व्यवस्थालाई रिभाइज गर्न हामी तयार छौ, यसका लागि बैज्ञानिक शुल्क निर्धारण गर्न हामी सरोकारवालाहरूसँग छलफल गर्नेछौ र यो विषयलाई पुर्नविचार गर्ने छौ' मन्त्री यादवले भने 'तथापी जसले इथिकल रिक्रुटमेन्ट गरिरहेका छन ती व्यवसायीहरूलाई सरकारको तर्फबाट प्रोत्साहन गरिने छ ।'

उनले वैदेशिक रोजगारीका सबै प्रक्रिया डिजिटलाइजेशन गर्ने, ५ हजारभन्दा बढी श्रमिक रहेको मुलुकमा राज्यको उपस्थितीका लागि पहल गरिने तथा श्रमिकको सुरक्षाका लागि अधिकतम प्रयास गरिने बताए ।

यस्तै मन्त्री यादवले वैदेशिक रोजगार विभागमा थुप्रिएका करिब ४३ हजार उजुरी तथा मुद्दालाई टुंग्याएर शून्यमा झार्ने आफ्नो लक्ष्य रहेको बताएका छन् । उनले वैदेशिक रोजगार क्षेत्रलाई प्रभाव, पहुँच र बिचौलियाको नियन्त्रणबाट मुक्त गराउने प्रतिबद्धता व्यक्त गरे ।

'वैदेशिक रोजगारको नाममा अझै ४३ हजार मुद्दा छन् । धेरै नेपाली ठगिएका छन् । अनुसन्धान अधिकृत परिचालन गरेर सबै मुद्दा टुंग्याउनुपर्छ,' मन्त्री यादवले भने, 'संस्थागत उजुरी छन् भने छिटो समाधान गरियोस्, नत्र दोषी भेटिए कारबाही हुन्छ । यी सबै मुद्दा जिरोमा पुऱ्याउने मेरो लक्ष्य हो ।'

आफू विदेशमा इन्जिनियरिङ अध्ययन गरेको व्यक्ति भएको र राजनीति तथा वैदेशिक रोजगार क्षेत्रसँग प्रत्यक्ष सम्बन्ध नरहेको उल्लेख गर्दै उनले सुधारको स्पष्ट कार्ययोजनासहित मन्त्रालयको जिम्मेवारी सम्हालेको बताए ।

'म इन्जिनियरिङ पढेको मान्छे हुँ । विदेशमा अध्ययन गरेर नेपाल फर्किएँ, चुनाव लडेँ र जितेपछि मन्त्रीको जिम्मेवारीमा आएको छु । म राजनीतिक व्यक्ति पनि होइन । यो क्षेत्रका व्यवसायी, मेडिकल सञ्चालक वा विज्ञलाई पनि चिन्दिनँ,' उनले भने, 'प्रधानमन्त्रीले यो क्षेत्र सुधार्ने जिम्मेवारीसहित छ महिनाको प्रोजेक्ट दिनुभएको छ । त्यसैअनुसार काम गरिरहेको छु । सबैको साथ र सहयोग आवश्यक छ ।'

मन्त्री यादवले वैदेशिक रोजगारमा सरकार, व्यवसायी र श्रमिक मात्र नभई रोजगारदाता कम्पनी पनि उत्तिकै जिम्मेवार हुनुपर्ने धारणा राखे । नेपाली श्रमिकलाई ठगी गर्ने, सम्झौताअनुसार सेवा-सुविधा नदिने रोजगारदाता कम्पनीविरुद्ध कडा नीति अपनाइने उनको भनाइ थियो । 'केही रोजगारदाताले नेपाली श्रमिकलाई ठगी गरिरहेका छन् । तोकिएअनुसारको सुविधा दिँदैनन् । यस्ता कम्पनीमा नेपाली श्रमिक नपठाउने रणनीति लिन्छौं,' उनले भने ।

युरोपमा संस्थागत श्रम स्वीकृति प्रक्रिया अवरुद्ध भएको विषयमा आफूलाई स्पष्ट जानकारी नभएको बताउँदै मन्त्री यादवले संस्थागत रूपमा युरोपको श्रम बजार खुलाउनुपर्ने आवश्यकता औंल्याए । यसका लागि परराष्ट्र मन्त्रालयसँग समन्वय भइरहेको जानकारी दिँदै उनले आवश्यक परे श्रम मन्त्रालयले आफ्नै कूटनीतिक संयन्त्र विकास गर्ने संकेत गरे ।

दूतावासबाट हुने मागपत्र प्रमाणीकरण प्रक्रियालाई पनि पुनरावलोकन गरिरहेको जानकारी दिँदै मन्त्री यादवले एकपटक सूचीकृत भइसकेका रोजगारदाता कम्पनीका फाइल बारम्बार दूतावासमा लैजानुपर्ने बाध्यता अन्त्य गरिने बताए ।

'दूतावासले एकपटक सूचीकृत गरेपछि हरेक पटक फाइल लिएर धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ । पहिचान भइसकेपछि प्रमाणीकरण स्वचालित हुनुपर्छ,' उनले भने, 'तीन-तीन महिनासम्म शून्य लागतका फाइल दूतावासमा रोकिएका छन् । व्यक्तिगत स्वार्थ, प्रभाव र पहुँचबाट यो क्षेत्रलाई मुक्त गराउँछौं ।'

हाल मलेसियामा करिब ६ हजार र संयुक्त अरब इमिरेट्स (यूएई)मा १२ हजार रोजगारदाता कम्पनी सूचीकृत रहेको जानकारी दिँदै उनले श्रमिक माग प्रक्रियालाई छिटो, सरल र पारदर्शी बनाउने तयारी भइरहेको बताए ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङ र निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले व्यवसायीका समस्या तथा माग प्रस्तुत गरेका थिए । त्यसैगरी वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङले वैदेशिक रोजगार क्षेत्रको विगत, वर्तमान अवस्था र सुधारका उपायबारे धारणा राखेका थिए ।



AR_Jestha_2083_BW.indd 13 6/27/2026 2:35:29 PM

# वैदेशिक रोजगार व्यवसायी संघमा नयाँ नेतृत्व, अध्यक्षमा खत्री विजयी



लामो समयदेखि विवाद, अविश्वास र नेतृत्व संकटबाट गुज्रिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अब नयाँ नेतृत्व पाएको छ । निर्वाचन परिणामसँगै एक चरणको राजनीतिक प्रतिस्पर्धा समाप्त भएको छ भने अब नवनिर्वाचित नेतृत्वमाथि व्यवसायीहरूको अपेक्षा पूरा गर्ने ठूलो जिम्मेवारी आएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विशेष महाधिबेशनबाट नयाँ नेतृत्व पाएको छ। पुरानो कार्यसमितिको १४ महिना कार्यकाल बाँकी रहँदा नै दुई तिहाई पदाधिकारीले राजिनामा दिएपछि नयाँ नेतृत्व संघका पूर्व प्रथम उपाध्यक्षसमेत भइसकेका डिकबहादुर खत्री 'कुमार'को काँधमा पुगेको छ।

विशेष महाधिबेशनबाट अध्यक्ष पदमा व्यवसायिक समुहबाट उम्मेदवारी दिएका खत्री विजयी भएका हुन्। खत्रीले आफ्ना दुवै प्रतिस्पर्धीलाई स्पष्ट मतान्तरले पराजित गर्दै संघको नेतृत्व आफ्नो पक्षमा पारेका छन्।

निकै प्रतिष्पर्धात्मक भिडन्त मानिएता पनि मत परिणामअनुसार अध्यक्ष पदमा खत्रीले ३४७ मत प्राप्त गर्दै विजय हासिल गरे। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका उम्मेदवार तथा पुर्व महासचिव मेघनाथ भुर्तेलले १९२ मत प्राप्त गरेर उपविजेता बने भने राष्ट्रिय स्वतन्त्र पार्टी निकट स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी समूहका उम्मेदवार हरिबहादुर पाण्डे क्षेत्रीले १७० मत प्राप्त गरेर तेस्रो भए।

यस निर्वाचनमा कुल ७७४ मतदातामध्ये ७१९ मत खसेको थियो। उच्च सहभागिताबीच सम्पन्न निर्वाचनलाई संघको इतिहासकै महत्वपूर्ण र प्रतिस्पर्धात्मक चुनावका रूपमा हेरिएको थियो।

खत्री नेतृत्वको प्यानल नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाली कम्युनिस्ट पार्टी निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च तथा नेपाली कांग्रेस निकट केही व्यवसायीहरूको संयुक्त समर्थनमा चुनावी मैदानमा उत्रिएको थियो। उक्त गठबन्धनले निर्वाचनमा उल्लेखनीय सफलता हासिल गर्दै संघको नेतृत्वमा आफ्नो प्रभाव स्थापित गरेको छ।

निर्वाचन परिणामअनुसार प्रथम उपाध्यक्षमा महेश कुमार बस्नेत विजयी भएका छन्। उनी निवर्तमान महासचिव हुन्, उनले २४१ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी कर्णराज कटुवालले २३१ मत प्राप्त गरेका थिए। द्वितीय उपाध्यक्षमा अनिल बोगटी ३१५ मतसहित निर्वाचित भए भने तृतीय उपाध्यक्षमा भने लोकतान्त्रिक एसोसिएसनका उम्मेदवार लक्ष्मण पौडेल २५९ मतसहित विजयी भएका छन्।

त्यसैगरी महासचिव पदमा हिरा बहादुर डाँगी २७३ मतसहित निर्वाचित भएका छन्। सचिव पदमा केदारनाथ अधिकारी २९४ मत प्राप्त गर्दै विजयी भए भने कोषाध्यक्षमा धनमाया सिन्जाली ३२३ मतसहित निर्वाचित भएकी छन्।

निर्वाचनको अन्तिम परिणामले प्रगतिशील-संयुक्त व्यवसायी गठबन्धनको स्पष्ट वर्चस्व देखाएको छ। १७ सदस्यीय कार्यसमितिमा सात पदाधिकारीमध्ये छ पदमा गठबन्धनका उम्मेदवार विजयी भएका छन् भने १० सदस्यीय कार्यसमितिमा आठ सदस्य उनीहरूकै पक्षबाट निर्वाचित भएका छन्।

यद्यपि लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पनि उपाध्यक्ष जितेको छ। एसोसिएसनका तर्फबाट तृतीय उपाध्यक्षमा लक्ष्मण पौडेल तथा सदस्य पदमा गीता राउत र दीक्षा दाहाल विजयी भएका छन्।

नवनिर्वाचित अध्यक्ष डिकबहादुर खत्रीले व्यवसायीहरूको विश्वासलाई सम्मान गर्दै संघलाई एकताबद्ध बनाउने, व्यवसायीका समस्या समाधानका लागि सरकारसँग प्रभावकारी संवाद गर्ने तथा वैदेशिक रोजगार क्षेत्रको गरिमा र व्यवसायीको अधिकार संरक्षणका लागि सक्रिय रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

उनले आफ्नो उम्मेदवारी दिदा नै भनेका छन्-'वैदेशिक रोजगार व्यवसायलाई सम्मानित र मर्यादित व्यवसाय बनाउँदै दोश्रो पुस्तालाई हन्तान्तरण गर्न योग्य व्यवसायको क्षेत्र बनाउने छु।'

लामो समयदेखि विवाद, अविश्वास र नेतृत्व संकटबाट गुज्रिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अब नयाँ नेतृत्व पाएको छ। निर्वाचन परिणामसँगै एक चरणको राजनीतिक प्रतिस्पर्धा समाप्त भएको छ भने अब नवनिर्वाचित नेतृत्वमाथि व्यवसायीहरूको अपेक्षा पूरा गर्ने ठूलो जिम्मेवारी आएको छ। वैदेशिक रोजगार क्षेत्रका चुनौती समाधान, नयाँ श्रम बजारको खोजी, व्यवसायीमैत्री नीतिको निर्माण तथा संघको संस्थागत एकता कायम गर्नु अब खत्री नेतृत्वको मुख्य जिम्मेवारी हुनेछ।



AR_Jestha_2083_BW.indd 14 6/27/2026 2:35:29 PM

# मध्यपूर्वमा युद्धको राप र रेमिट्यान्सको भविष्य

**रेमिट्यान्सलाई उपभोगमा सीमित नराखी उत्पादनशील लगानी, उद्यमशीलता र पुँजी निर्माणसँग जोड्नु नै यसको दीर्घकालीन समाधान हो । आशा गरौँ, नयाँ सरकारले त्यसको लागि दीर्घकालीन रणनीति अवलम्बन गर्ने नै छ ।**



● दिवाकर पौडेल

विगत केही समयदेखि इरान र अमेरिकाबीचको टकरावका कारण मध्यपूर्वको शान्ति खल्बलिएको छ। यसको प्रत्यक्ष असर साना अर्थतन्त्र भएका नेपाल जस्ता मुलुकमा देखिनु स्वाभाविक छ। मध्यपूर्व नेपाली श्रमिकका लागि दशकौँदेखि प्रमुख गन्तव्य रहँदै आएको छ। एकातिर लाखौं श्रमिकको सुरक्षा चासो छ भने अर्कोतिर देशको चल पुँजीको मुख्य स्रोत रेमिट्यान्सको भविष्य प्रभावित बनेको छ।

त्यस क्षेत्रमा श्रमका लागि पुगेका लाखौं नेपाली, त्यहाँबाट आप्रवाह हुँदै आएको मात्रात्मक तथा गुणात्मक रेमिट्यान्स तथा नेपाल आउने र जाने हवाई मार्गको मुख्य ट्रान्जिट स्थल ! सानो अर्थतन्त्र भएको मुलुक नेपालको साविक दैनिकी प्रभावित तुल्याउन यस्ता अवरोधले धेरै अर्थ राखेका हुन्छन्।

केही दशकदेखि यता मध्यपूर्व अधिक नेपाली श्रमिकहरूका लागि वैदेशिक रोजगारीमा जाने सजिलो गन्तव्य हो। लाखौंको संख्यामा नेपाली श्रमिक रहँदै आएको मध्यपूर्व अनिश्चितकालिन द्वन्द्वको चपेटामा पर्दा स्वयं खाडी क्षेत्रमा रहेका श्रमिकको सुरक्षा चासो र चिन्ता एकातिर विद्यमान छ भने अर्कोतर्फ त्यस क्षेत्रबाट आप्रवाह हुँदै आएको रेमिट्यान्सको भविष्य पनि प्रभावित बनेको छ। चल पुँजीको मुख्य स्रोत रेमिट्यान्स प्रभावित हुँदा मुलुकको आन्तरिक र बाह्य अर्थतन्त्रलाई गम्भीर धक्का पुग्न सक्ने देखिन्छ।

त्यस क्षेत्रमा जारी द्वन्द्वले गत फागुनमा सम्पन्न आम निर्वाचनपछि गठन भएको नयाँ सरकारका सामु दुई प्रमुख चुनौतीलाई कसरी सामना गर्ने चुनौती खडा गरिदिएको छ; एक त्यस क्षेत्रका नेपाली नागरिकको सुरक्षा, अर्को आप्रवाह हुँदै आएको चालू पुँजीको मुख्य स्रोत एवं श्रमिकको कमाइ रेमिट्यान्सको भविष्य।

द्वन्द्व लामो समयसम्म गएको खण्डमा नेपालमा भित्रिँदै आएको रेमिट्यान्समा असर परेर अर्थतन्त्र र श्रम बजारलाई क्षति पुऱ्याउने जोखिम छ। चालू आर्थिक वर्षको नौ महिना (साउनदेखि चैतसम्म) आइपुग्दा रेमिट्यान्स आप्रवाह ३९ दशमलव १ प्रतिशत वृद्धि भई १६ खर्ब ५९ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १० दशमलव २ प्रतिशत बढेको थियो। यस्तै कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को झण्डै ३४ प्रतिशत बराबरको रेमिट्यान्स प्राप्त भएको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

नेपालमा भित्रिने कुल रेमिट्यान्स मध्ये ४० प्रतिशत हिस्सा मध्यपूर्व क्षेत्रबाट आउने गरेको छ। यसमा खाडी क्षेत्रका दुई देश साउदी अरेबिया र कतारको हिस्सा सबैभन्दा उच्च रहेको छ। यी दुई मुलुकहरूबाट मात्र ११ प्रतिशतको हाराहारीमा रेमिट्यान्स आप्रवाह हुँदै आएको छ। संयुक्त अरब इमिरेट्स (युएई) बाट ७ देखि ८ प्रतिशत र कुवेतबाट ४ देखि ५ प्रतिशत रेमिट्यान्स भित्रिने गरेको सरकारी तथ्याङ्कले देखाएको छ। अन्य गन्तव्य मुलुकहरू जस्तै मलेसिया, दक्षिण कोरिया, जापान तथा अन्य केही युरोपेली मुलुकहरूतर्फ क्षेत्रगत विविधीकरण क्रमशः बढ्दो भए तापनि मध्यपूर्व क्षेत्र अझै पनि नेपालको श्रम गन्तव्य र विदेशी मुद्रा आपूर्तिको ठूलो आधार स्तम्भ बनेको छ।

यसको प्रत्यक्ष प्रभाव लाखौं आप्रवासी श्रमिकहरूको जीवन र सुरक्षासँग गाँसिएको हुन्छ। क्षेत्रीय द्वन्द्व चर्किँदै गयो वा सैन्य तनाव विस्तार हुँदै गयो भने त्यसले हाम्रा श्रमिकले काम गर्ने कार्यस्थल, तिनका आवास क्षेत्र र सार्वजनिक पूर्वाधार समेत जोखिममा पर्न सक्छन्। कामका लागि विदेसिएकालाई रित्तो हात घर फर्काउनु पर्दा हुने समस्याभन्दा मानवीय



AR_Jestha_2083_BW.indd 15 6/27/2026 2:35:29 PM

क्षति हुन पुग्यो भने रेमिट्यान्सको क्षतिभन्दा कैयौँ गुणा पीडादायी बन्न सक्छ।

रेमिट्यान्स आप्रवाहमा अल्पकालीन व्यवधान आए पनि त्यसको सामाजिक प्रभाव व्यापक हुन सक्छ। किनकि ग्रामीण अर्थतन्त्रको ठूलो हिस्सा नै रेमिट्यान्समा आधारित उपभोग र जीवनयापनमा निर्भर रहेको छ। समग्र मुलुकको गरिबीको दर घटाउन, बालबालिकाको पोषण एवं गुणस्तरीय शिक्षामा रेमिट्यान्सको मुख्य योगदान रहेको छ। विपन्न गरिबीको अत्यास लाग्दो चक्रलाई तोड्न अझै पनि रेमिट्यान्स अपरिहार्य छ।

द्वन्द्वले प्रभावित हुँदै जाँदा ठूलो संख्यामा श्रमिक एकै पटक स्वदेश फर्किन



बाध्य हुन सक्ने भयावह अवस्थालाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ। फलतः, घरेलु श्रम बजारमा बेरोजगारी चाप बढ्छ, राष्ट्रिय आम्दानी एक्कासि घट्छ र सामाजिक सुरक्षा तथा प्रबन्धमा चुनौती थपिन्छ।

यी समस्याहरूको समाधान आजको आजै सम्भव छैन। रेमिट्यान्सलाई उपभोगमा सीमित नराखी उत्पादनशील लगानी, उद्यमशीलता र पुँजी निर्माणसँग जोड्नु नै यसको दीर्घकालीन समाधान हो। आशा गरौँ, नयाँ सरकारले त्यसको लागि दीर्घकालीन रणनीति अवलम्बन गर्ने नै छ। अहिलेलाई कामना गरौँ, नेपालको चौतर्फी भविष्यसँग प्रत्यक्ष गाँसिएको मध्यपूर्वमा जारी तनाव शान्तिपूर्ण ढङ्गले समाधान होस्।

विश्व अहिले एकै देश जस्तो भएको छ, अवसरहरू बढेका छन्, श्रम जनशक्तिमा सीपयुक्त जनशक्ति पनि थपिएको छ। अवसरको खोजीमा विदेश जानेलाई नजाऊ भन्न सकिँदैन, विदेश जाने क्रम आगामी दिनमा पनि कम हुन्छ भन्ने लाग्दैन त्यसैले रेमिट्यान्सलाई नै उत्पादनशील क्षेत्रमा कसरी आकर्षित गर्ने भन्ने स्पष्ट नीतिगत व्यवस्था आजको आवश्यकता हो। जसका लागि राज्यको आधारभूत तह स्थानीय स्तरबाट नै जिम्मेवार बन्ने बनाउने संयन्त्र निर्माण हुनुपर्छ। यो अलि बृहत् मुद्दा हो जसको विषयमा अलि विस्तारमा कुरा गर्नुपर्छ।

देशका पौरखी युवाले देशको सिमानाभित्र अर्थात् स्वदेशमै पसिना चुहाएर आफू पनि पालिने र परिवारको भरथेग पनि गर्न सक्ने अनुकूल वातावरण नेपालीले दुर्भाग्य नै भन्नुपर्छ अहिलेसम्म पाएकै छैन। शासनसत्ताको अदलीबदलीसँगै जनापेक्षित यस्ता आधारभूत मुद्दा कहिल्यै सम्बोधन भएनन्। देशका नागरिकलाई आयआम्दानी र पेसा-रोजगारीको अवसर उपलब्ध गराउने न्यूनतम जिम्मेवारीबाट राज्य पटकपटक चुकेको छ। यसको सिधा असर काम गर्ने उमेरका युवामा बढ्ता पर्छ।

देश, समाज र परिवार छाडेर प्रवासिन्छ र आफ्नो उर्वर उमेरको अधिक हिस्सा विदेशमै बिताउँछ। उमेर घर्किन्छ, स्वदेश फर्किन्छ। उ सँग बचत पनि हुँदैन, विदेशी भूमिको चर्को श्रमले थकित शरीर विस्तारै थलिन्छ। उपचार आदिइत्यादि जस्ता सामाजिक सुरक्षाका लागि राज्यले दायित्व वहन गर्नुपर्ने अवस्थामा त्यो नागरिक आइपुग्छ। आफ्नो देशका नागरिकहरूको यस्तो उल्टो चक्रीय प्रणालीको अन्त्यका लागि रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्ने सरकारको पहलकदमी आजको अपरिहार्य आवश्यकता हो।

नयाँ सरकारले जुन सोच र गतिका साथ काम गरिरहेको छ, परिवर्तित समयलाई आत्मसात् गर्ने प्रविधि जानेको देश विदेश पढेका युवाहरूको उत्साहजनक सहभागिता मन्त्रिमण्डलमा छ, यस्तो अनुकूल अवस्थामा लामो समयदेखि बहसमा आएको रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्ने एउटा निश्चित ठोस कार्ययोजना पनि प्राथमिकतामा राख्नु विदेशमा श्रम गरिरहेका लाखौँलाख युवाहरूका लागि एउटा महत्त्वपूर्ण सम्बोधन हुने नै छ। त्यसका अतिरिक्त देशको दीर्घकालीन आर्थिक विकासमा एउटा अर्को स्रोतको व्यवस्थापन पनि जोडिनेछ। त्यसका लागि सेवारत रेमिट्यान्स कम्पनीहरूको अस्तित्व रक्षा पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

रेमिट्यान्स ज्यादै कम व्यवसायको स्रोत भएको क्षेत्र हो। जसको एउटा मात्र काम छ, विदेशबाट नेपालीले पठाएको पैसा उसको आफन्तसम्म पुऱ्याइदिने, एकप्रकारले मध्यस्थकर्ता। यस्तो संकुचित व्यवसायको क्षेत्रमा पनि बैंक तथा वित्तीय संस्थाले काम गरिरहेका छन्। एक वा सोभन्दा बढी क्षेत्रमा काम गर्न पाउने बैंक तथा वित्तीय संस्था रेमिट्यान्स सेवाप्रदायक कम्पनीसँग एउटै मैदानमा भिड्दा रेमिट्यान्स क्षेत्रको अस्तित्व विस्तारै संकटमा पर्छ कि ? भन्ने एक खालको संशय हामीमा छ। यस्तो परिस्थितिमा रेमिट्यान्स कम्पनीहरूलाई वर्गीकरण गरेर हैसियत अनुसारको काम गर्न दिँदा रेमिट्यान्स सेवाप्रदायक कम्पनीहरूले आफ्नै मैदानमा थप जिम्मेवार भएर काम गर्न सक्छन् कि ? त्यो परीक्षणको मौका मिलोस् भन्ने नै छ।

समग्रमा प्रवासिएका श्रमिकहरूमा अप्रत्याशित आइलागेको युद्ध र त्यसले निम्त्याएको सुरक्षा चिन्तासँग सम्बन्धित मुद्दाहरूको एकएक प्रत्यक्ष सुनुवाइ सम्भव नहोला तर, रेमिट्यान्स रकमलाई उद्यमशीलता एवं उत्पादनशील क्षेत्रमा आकर्षित गरी कसरी दीर्घकालीन लाभ हासिल गर्न सकिन्छ भन्ने विषयमा सरकार अबका दिनमा गम्भीर बन्ने छ भन्ने कुरामा हामी विश्वस्त छौँ।

*(लेखक पौडेल आइएमईका प्रमुख कार्यकारी अधिकृत हुन्।)*



AR_Jestha_2083_BW.indd 16 6/27/2026 2:35:29 PM

# अञ्जनको अध्यक्षतामा **उद्योग वाणिज्य महासंघमा** नयाँ कार्यसमिति



नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)को ६० औँ साधारण सभा तथा निर्वाचनबाट नयाँ नेतृत्व चयन भएको छ। विधानअनुसार वरिष्ठ उपाध्यक्ष रहेका अञ्जन श्रेष्ठ स्वतः अध्यक्ष बनेका छन्। उनलाई नै अनुकूल हुने गरेर महासंघमा नयाँ नेतृत्व चयन भएका छन्।

श्रेष्ठले नै समर्थन गरेका एशोसिएटतर्फको उपाध्यक्षमा प्रबलजंग पाण्डे निर्वाचित भएका छन्। एशोसिएट सदस्यहरूमा सचिन ढकाल, हेमन्त गोल्छा, अम्बिका प्रसाद पौडेल, उज्ज्वल कुमार श्रेष्ठ, शक्ति कुमार बेगानी, ऋषि अग्रवाल, सुशील थापा, रामशरण भण्डारी, राजेश कुमार अग्रवाल, सुयस प्याकुरेल, बाबुकाजी कार्की, दिवश न्यौपाने, कृष्णलाल महर्जन, प्रियराज रेग्मी, इश्वर बहादुर जिसी, सुरज उप्रेती र बटु लामिछानेले निर्वाचित भएका छन्।

त्यस्तै, जिल्ला नगरतर्फको उपाध्यक्षमा कृष्ण प्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ विजयी भएका छन् भने वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठ विजयी भएका छन्।

वस्तुगततर्फ १६ कार्यकारिणी सदस्य पदका लागि १३ जना निर्वाचित भएका छन्। जसमा अरनिको राज भण्डारी, विदुर धमला, सागर ढकाल, रवीन पुरी, राजकुमार कार्की, पशुपतिदेव पाण्डे, लिलेन्द्र प्रधान, भक्तबहादुर हमाल, नानिराज घिमिरे, संघर्ष विष्ट र होमप्रसाद घिमिरे र सुनिता नेहाफुकी विजयी भएका छन।

अन्य चार जना निराजन चलाउने, रघु नन्दन मारु, विप्लव अधिकारी र सुरज बन्जाडेले भने बराबरी ५०-५० मत ल्याएका छन्। यी ४ मध्येबाट ३ जनालाई गोलाप्रथाबाट चुनिने भएको छ।

**वरिष्ठ उपाध्यक्षमा वैद्य र कोषाध्यक्षमा प्रधान निर्वाचित**

महासंघको वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य र कोषाध्यक्षमा मनिषलाल प्रधान निर्वाचित भएका छन्।

महासंघको वरिष्ठ उपाध्यक्षमा वैद्य र रामचन्द्र संघईले उम्मेदवारी दिएका थिए भने कोषाध्यक्षमा प्रधान र अम्बिकाप्रसाद पौडेलले उम्मेदवारी दिएका थिए।

# पुनः श्रम स्वीकृति प्रणाली लागू, **अब श्रमिकले आफैं लिन सक्ने**

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूका लागि पुनः श्रम स्वीकृति प्रक्रिया थप सहज र व्यवस्थित बनाउने उद्देश्यले सरकारले स्वचालित पुनः श्रम स्वीकृति प्रणाली लागू गरेको छ।

वैदेशिक रोजगार विभागले सूचना जारी गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत सुशासन सुधार सम्बन्धी १०० बुँदे कार्ययोजना अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने योजना अनुसार पुनः श्रम स्वीकृतिलाई पूर्ण रूपमा स्वचालित बनाइएको जनाएको हो।

विभागका अनुसार यसअघि श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले सोही देश तथा कम्पनीका लागि पुनः श्रम स्वीकृति लिन चाहेमा तोकिएका शर्तहरू पूरा गरेको अवस्थामा अब स्वचालित प्रणालीमार्फत पुनः श्रम स्वीकृति प्राप्त गर्न सक्नेछन्।

विभागले पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्दा तोकिएका शर्तहरू अनिवार्य रूपमा पालना गर्न तथा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा सही विवरण प्रविष्ट गर्न आग्रह गरेको छ। गलत विवरण भरेर वा आवश्यक कागजात पेस नगरी आवेदन दिएमा उत्पन्न हुने त्रुटिको सम्पूर्ण जिम्मेवारी स्वयं सेवाग्राहीले नै वहन गर्नुपर्ने विभागले स्पष्ट पारेको छ।

स्वचालित पुनः श्रम स्वीकृतिका प्रमुख शर्तहरूमा यसअघि श्रम स्वीकृति प्राप्त गरी सोही देश र कम्पनीका लागि पुनः आवेदन गरेको हुनुपर्ने, कम्तीमा ६ महिनाको राहदानी (पासपोर्ट) अवधि बाँकी हुनुपर्ने, वैध भिसा भएको हुनुपर्ने, कम्पनीसँगको करार सम्झौता कायम रहेको हुनुपर्ने, सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको हुनुपर्ने, वैदेशिक रोजगार कल्याणकारी कोषमा योगदान गरेको हुनुपर्ने, आवश्यक जीवन बिमा गरेको हुनुपर्ने, भिसा तथा करारसम्बन्धी विवरण प्रणालीमा स्वघोषणा गरेको हुनुपर्ने व्यवस्था रहेको छ।



AR_Jestha_2083_BW.indd 17 6/27/2026 2:35:29 PM

सपना देख्नुपर्छ, जो पूरागर्न सकिन्छ । अनन्त सपनाको अर्थ जीवन धरापमा पनि पर्न सक्छ । विदेश सबै राम्रो हुन्छ भन्ने भ्रमबाट मुक्त नभएसम्म हाम्रो घर अर्थात् देश कसरी बन्छ ? घामको न्यानो महसुस गर्न सकिन्छ तर त्यो न्यानो(घाम)लाई बट्टुकामा जम्मा गर्न खोज्नु केवल मूर्खता हो किनभने जुन अपार कार्य हो । बरु सवारी होस्, राजेन्द्रको साइकलजस्तो ।




# राजेन्द्रको राज



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

*घैला भरियो पानी*
*आँखा भित्र नानी*
*भित्र अझै भित्र*
*देश जिन्दगानी...!*

मैले आफ्नै रचनाका पङ्क्तिलाई लिएर कुराकानी अघि बढाउने जमर्को गरेँ । मिहिनेती नागरिक नेपाल आमाका आशाका किरण र समृद्धिको खाँबो हुन् । देश भनेको आमा हुन्, हरपल भरोसा चाहन्छिन् । घैलारुपी बानी हाम्रो जीवन हो । युवा जोसमा हुनुपर्छ, राजेन्द्र पन्थीकोजस्तो एकलव्य नीति ! अनि, गर्न पाइन्छ, ठाउँमा राज !

पन्थी भाइको श्रम सीप र कार्यशैलीको म प्रशंसक हुँ । खटाइको तालिकालाई नियाल्दा कहिलेकाहीँ लोभ पनि लाग्छ । कुलो फर्काए जसरी उमेर फर्काउन किन सकिँदैन ? हुन त कर्म गरेपछि फल पाइन्छ तर आफ्नो कर्मलाई पूजा ठान्नु पर्छ । मन्दिरमा गएर घण्टी बजाउनु र भाकल छिन्नु केवल भगवान्‌को प्रतिक सम्झनु हो । यदि होइन भने, दिनभरि घण्टीमात्र बजाएर बसौं श्रम कहिले, कहाँ र कसरी हुन्छ ? सिवाय सडकको बास !

गाउँबाट राजधानीको यात्रा रोज्नु सपनाको भरिया हुनु हो । घरबाट हिँड्नुको मूल उद्देश्य थप पढाइको भोक थियो । त्यसपछि रोजगारको कुरो आउछ, आफैँले केही गर्ने अथवा स्थायी नोकरी भिड्ने ? भाइको लागि यो स्वभाविक र यथार्थ प्रश्न हो । "मैले गाउँकै स्कुल पढेँ र कलेज पढ्न काठमाडौं आएँ । सरकारी जागिर खान लोकसेवाको तयारी कक्षा पनि पढेँ तर मैले त्यता नाम निकाल्न सकिनँ । कोशिस नगरेको भए किन गरिन होला ? यो प्रश्नले मनमा छटपटी गरिरहन्थ्यो ।"

'भाइ, हिजोको बाँकी यो पैसा राख्नु र आज दुई जार पानी ल्याइदिनु न है' ग्राहकको माग थियो । 'हस, हुन्छ' भाइले उहाँलाई सम्बोधन गरिसकेर पुनः भन्नुभयो- "म मात्र होइन, हामी चार जना दाजुभाइसँगै बस्थ्यौँ, पढ्थ्यौँ । साढे दुई दशक बितिसक्यो काठमाडौं बसेको पनि । हाम्रो बुवा गाउँको स्कुलमा शिक्षक त्यो बेला अवकास हुनु भएको थिएन । आमाबुवाका पाँच भाइ सन्तान सबै जना आआफ्नो गरेर खाने भएका छौं ।"

"माइलो भाइ विश्वराज हो । उसलाई डिभी पऱ्यो र अमेरिका प्रस्तानको ढोका खुलो । यता, निजामती सेवामा प्रवेश गरेको डेढ वर्ष भएको थियो । त्यो जागिर छोडेर श्रीमती सहित ऊ उता गयो । अहिले चार जनाको परिवार टेक्सास राज्यमा बस्छन् । भाइ भरत गुल्मीमा टिचिङ गर्छ । भाइ योगेश लेखापाल छ र कान्छो तिर्थराज सिभिल इन्जिनियर हो ।"

पुनः ग्राहकको आगमन 'भाइ, मलाई ब्राउन ब्रेड र दुई पोका दूध दिनु न' व्यापारीको लागि पसलमा ग्राहक आउनु भनेको भगवान्‌का रुप हुन् । भाइ व्यस्त हुँदा म डायरी बोकेर प्रतिक्षामा रहेँ । एकछिनपछि कुरो उन्दै भाइ अघि बढ्नु भयो । "मैले कमर्श (म्यानेजमेन्ट) पढेको हुनाले वुटवलमा मार्केटिङको काम गर्थें । यहाँ लक्ष्मण केसीको घरमा हाम्रो डेरा थियो, तीन जना भाइ यतै थिए । वुटवलकै एक जना दिदी पनि यहीं नजिकै बस्नुहुन्थ्यो ।



AR_Jestha_2083_BW.indd 18
6/27/2026 2:35:29 PM

ती दिदीमार्फत भाइहरूले यो पसल बिक्री हुने कुरो थाहा पाएछन् र मलाई सुनाए। हामीले घरसल्लाह गर्‍यौँ र पसल किन्ने निचोडमा पुग्यौँ। मूल्यको कुरो गर्नुहुन्छ भने १४ वर्ष अघि तीन लाख बढी नै पर्‍यो।"

टनाटन सामान थियो कि ? नत्र समय अनुसार त्यो मूल्य महँगो हैन र ? मेरो जिज्ञासालाई भाइतिर ठेलेँ। "म्याम, जसले यो पसल चलाएको थियो, उसको देखाउने दाँतजस्तो मात्र रहेछ। पसलमा केही खेलौना, थोरै-थोरै स्टेशनरी र चाउचाउ चकलेट राखेको थियो। त्यो मान्छेको खेलोफड्को अर्कै हुनाले मुद्दा परेको रहेछ। सुरुमा हामीले थाहै पाएनौँ नत्र कुरो राख्न सकिन्थ्यो, एउटा लोभ पसलको मूल्य अलि सरल पर्ने थियो कि ?"

'पन्थी सर, मलाई पाँच केजी चामलको एउटा प्याकेट र दुई केजी कालो दाल दिनु न।' ग्राहक हतारिएको देखेर भाइ त्यतै लाग्नु भयो। अर्का महानुभावले 'आजको कान्तिपुर र गोरखापत्र ल्याउनु' भन्नु हुन्छ। एक जनाबाट लिएको पैसा गल्लामा हालेर अर्कोलाई फिर्ता दिन नभ्याइ फेरि अर्को अफर आउछ। भनौ, भाइको हात खाली हुँदैन। त्यहीँ बेला स्कुले विद्यार्थी कापी, कलम र मुना बालपत्रिका खरिद्न आउछन्।

"म बिहान साढे चार बजे कोठाबाट निस्किसकेको हुन्छु। कालीमाटी जानु पर्‍यो भने गाडी चढ्छु, नत्र साइकल नै मेरो सवारी हो। तरकारी लिन कहिले तीनकुने, कहिले जडीबुटी त कहिले मिनभवन पुग्छु। सब्जी ल्याएर सटर अगाडि बिसाउछु र पत्रिका लिन कोटेश्वर चोक जान्छु। त्यहाँबाट फर्केर पसल खोल्छु। सामान बेच्दै ठेक्काको माल पुर्‍याउन धमाधम हुन्छ, मलाई। जस्तो दुध, तरकारी, पानी र पत्रिका पुर्‍याउनु पर्छ। सेवादिन साइकल हुनाले सजिलो छ। पसललाई चाहिने खाद्ययलगायत सामान अर्डरबाट आइपुग्छ।"

आफ्नो घर नजिकै पत्रिका पसल हुनु थरिथरि समाचार पढ्न सहज वातावरण हुँदो रहेछ। यत्रो डिजिटल जमानामा कोही पेपर पढ्छन् ? पर्दैन, चाहिँदैन भन्नेहरू पनि छन् यही समाजमा तर कतिलाई भने पत्रिका भनेको पत्रिका हो- चाहिन्छ। मलाई पत्रिका नपढेको दिन नियमित औषधी छुटेभैँ लाग्छ। यो (पत्रिका) व्यापारबाट कतिको फाइदा हुन्छ ? यहाँ बाँकी खाने मानिस कति इमान्दार छन् ? हिजोआज क्युआर गरिदिन्छु भन्नेहरूले पनि झुक्याउछन् रे हो ? मैले केही थान प्रश्न ठेलेँ।

"पत्रिकाबाट १६ प्रतिशतसम्म फाइदा हुन्छ। फिर्ता नहुने पत्रिका अर्डर बाहेक ल्याउदिनँ। कुनै दिन दुई चार वटा तलमाथि परेका भए, अर्कोअर्को दिनमा पनि बिक्छ। जस्तो सिसा पुछ्न, खाना खाने ठाउँमा ओछ्याउन। यहाँ पसलमा किसिम-किसिमका मान्छे आउछन्। कोही त यस्ता पनि हुन्छन्, तिर्नुपर्छ भनेर बाटो नै परिवर्तन गर्ने, लगेर खाएको सामानको बिहान हिसाब गर्छन्, बेलुका कोठा छोडेर भाग्छन्। कोहीलाई सामान राम्रो चाहिन्छ, दामसँग मतलव हुँदैन। अनि, कतिको बानी चै दाम सोध्दै हिँड्छन्।"

"मोटरसाइकलमा आएर हतार गर्दै सामान माग्ने अनि घर पुगेर पैसा लिएर आइहाल्छु भन्ने पनि हुन्छन्। त्यस्तालाई मैले सामान दिएको छैन। घर गएर क्यूआर गरिदिन्छु भन्ने धेरै आए तर त्यो भनेको झुक्याउने नियत हो। यहाँको सामानको मूल्य भाटभटेनी र विगमार्टसँग तुलना हुन सक्दैन किनभने सानो परिणामको खरिद र ठुलो परिणामको खरिदबीच अन्तर धेरै हुन्छ। जसले धेरै ल्याउछन्, सस्तो पर्छ र कम मूल्यमा बेच्छन्।"

हुन त भाइको पसल पनि सानो विगमार्ट झैँ लाग्छ। हरियो तरकारी कुरिलो, च्याउ, साग, फर्सीको मुन्टा प्रायः सबैथोक ताजा किन्न पाइन्छ। दूध, पानी, दाल, चामल, तेल, चिनी, बिस्कुट, दालमोठ-भुजिया, सरफ-साबुन, आटालगायतका सामान छन्।

"मैले एकै पटक भन्दा पनि पसल क्रमशः बढाएको हुँ। चाउचाउ बेच्न जोड गर्नुभन्दा तरकारीतिर मन गयो। काठमाडौंमा पानीको अभाव कति मान्छेले साग खान पाउँदैनन्। कतिले नुहाउन र कपडा धुन जारको पानी लैजानु हुन्छ। भाडामा मान्छे राखिसकेपछि पानीको व्यवस्था गरिदिनु पर्छ।" भाइ यता कुरा गर्दै उता ग्राहकसँग व्यस्त हुनुभयो।

पन्थी भाइ परिवारसहित हुनुहुन्छ। श्रीमती जुनाले नानीहरूको ख्याल गर्ने र पसलकै काममा श्रीमान्‌लाई साथ सहयोग गर्नुभएको छ। छोरो कति कक्षामा पढ्ने भयो, भाइ ? छोरी नाच्न कलाकार जत्तिकै रहिछिन्। "यहाँ नजिकै स्काइलाइट स्कुलमा ५ कक्षामा पढ्छ, छोरो। २०७३ सालको छोरो र २०७८ सालकी हुन् छोरी। दुवै नानीहरू यही जन्मिए, बढ्दै पढ्दै छन्। छोराछोरीहरू पढाउन र बिरामी भए उपचार गर्न सजिलो छ तर सस्तो छैन।"

भाइको भनाइ अनुसार वुटवलमा घर छ, बुवा घनश्याम पन्थी र आमा त्यही बस्नुहुन्छ। उहाँहरूलाई पुग्दो छ, यसकारण छोराहरूले दिइरहनु पर्दैन। गाउँको घरजग्गा काम गरी खानेको रेखदेखमा छोड्नुभएको रहेछ। भाइलाई राजनीतिमा रहर किन जागेन ? "२०५८ सालमा काठमाडौं आएर म पशुपति क्याम्पसमा भर्ना भएँ। त्यो बेला पनि मैले राजनीति गरिनँ। हामै साथी कुन्दनराज काफ्ले अहिले दोलखाबाट प्रदेश सांसद छन्। उनको उही बेला पनि नेविसंघमा लिडरसीप थियो तर मलाई भने राजनीति गर्नु छैन। म स्थानीय चुनावमा चै भोट हाल्न गाउँ जान्छु।"

अनि भाइ, तपाईले यो पसल दर्ता गर्नु भएको छ नि ? "बकाइदा गरेको छु। हामीले त्यता तिरेको कर बापतको पैसाबाट सरकार अर्थात् राज्यले के दिन्छ ? पसल अगाडि यत्रो खाल्डो परेको हुन्छ, क्रेता आउजाउ गर्न नसक्ने गरी त्यो समाधान गर्नु पर्ने हैन ? महानगरको ताल देखेर दिक्क लाग्छ। नागरिकहरू राजनीति राजनीति भन्छन्, यो पार्टी र त्यो पार्टी छान्छन्। यहाँ पत्रिका पढ्नेहरूको पनि आआफ्नो धारणा छ। कसैले त्यही कामलाई राम्रो गर्‍यो फलानाले भन्छन्, कसैले विरोध गर्छन्।"

कतैबाट ऋण वा सापटी लिनु भएको छ, छैन ? मैले राजेन्द्र भाइतिर फर्केर प्रश्न गरेँ। "म्याम, बरु थोरै होस्, आफ्नो होस् भन्ने सूत्र अनुसार चलेको हुनाले ऋण लिएको छैन। मेरो खेती किसान यही हो। सटरको भाडा तिनुपर्छ महिनाको १२ हजार। डेराको अलग्गै छ। नानीहरूलाई पढाउनु पर्‍यो। बिरामी पर्दा उपचार खर्च चाहियो। यहाँ सबैको माया पाएर स्थानीय सरह आफ्नो व्यवसाय गरेर बसेको छु। भविष्यको लागि भनेर वुटवलमा घडेरी जोडेको छु। यता आँट्न सकिदैन। कि दुई नम्वरी काम गर्नु पर्‍यो। मलाई कोहीसँग चाकडी गर्नु छैन। भनसुन गरेर ठुलो काम हातलिनु पनि छैन। यो देश सबैको हो। योग्यता र क्षमताले भ्याएको श्रम गरेर खान पाउनु पर्छ।"

हुन पनि २७ वटा भाटभटेनीसँग तुलना हुँदैन खुद्रा पसलको। न हुन्छ, विगमार्टसँग। बिहान ४ बजेदेखि सुरु भएको पन्थी भाइको दिनचर्या राति ९ बजेसम्म सेवा पाएका छौँ। कहिले १० बजे मात्र सटर बन्द गर्नुहुन्छ। धेरै दिन भएको छैन, 'कतारमा ३६ नेपालीले दुई करोड पारिश्रमिक पाएनन्' भनेर कान्तिपुर दैनिकमा छापिएर आएको समाचार पढ्दा मन कटक्क खायो।

सपना देख्नुपर्छ, जो पूरागर्न सकिन्छ। अनन्त सपनाको अर्थ जीवन धरापमा पनि पर्न सक्छ। विदेश सबै राम्रो हुन्छ भन्ने भ्रमबाट मुक्त नभएसम्म हाम्रो घर अर्थात् देश कसरी बन्छ ? घामको न्यानो महसुस गर्न सकिन्छ तर त्यो न्यानो(घाम)लाई बटुकामा जम्मा गर्न खोज्नु केवल मूर्खता हो किनभने जुन अपार कार्य हो। बरु सवारी होस्, राजेन्द्रको साइकलजस्तो। जसले निरन्तर सघाउछ र एकदिन गन्तव्यमा पुर्‍याउछ। भाइको मिहिनेत अनि लगाव जसरी चौतारीमा वरपिपल झाङ्गिएको हुन्छ, त्यसरी नै व्यापार अपारको लागि अनन्त शुभकामना!



AR_Jestha_2083_BW.indd 19 6/27/2026 2:35:29 PM

# मध्यपूर्व संकटमा नेपाली श्रमिकको सुरक्षाबारे समन्वयात्मक छलफल

मध्यपूर्वमा विकसित संकटका कारण त्यहाँ कार्यरत नेपाली श्रमिकहरूको सुरक्षा, उद्धार तथा संकट व्यवस्थापनका विषयमा नेपाल सरकार, नेपाली दूतावास र गैरआवासीय नेपाली संघ (एनआरएनए) बीच समन्वयात्मक छलफल सम्पन्न भएको छ ।

परराष्ट्र मन्त्रालयसहित सरकारी तथा गैरसरकारी ४० भन्दा बढी संस्थाका प्रतिनिधिको सहभागितामा आयोजित बैठक एनआरएनए र आईएलओको संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

बैठकमा मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकहरूको सुरक्षा अवस्था, उद्धार तयारी, आपतकालीन व्यवस्थापन तथा दीर्घकालीन नीतिगत सुधारका विषयमा विस्तृत छलफल भएको थियो । सहभागीहरूले नेपाल सरकार, दूतावास र एनआरएनएबीचको समन्वय संयन्त्रलाई अझ प्रभावकारी बनाउँदै आपतकालीन उद्धार योजना तथा सुरक्षित स्थानान्तरण प्रणाली तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव दिएका थिए ।

त्यसैगरी नेपाली श्रमिकहरूको अद्यावधिक तथ्यांक राख्ने प्रणालीलाई नियमित, विश्वसनीय र केन्द्रीकृत बनाउनुपर्ने, मानसिक तनावमा रहेका श्रमिकका लागि मनोसामाजिक परामर्श सेवाको पहुँच विस्तार गर्नुपर्ने तथा प्रस्थानपूर्व अभिमुखीकरण तालिममा संकट व्यवस्थापन र जोखिम सचेतनासम्बन्धी विषय अनिवार्य समावेश गर्नुपर्नेमा जोड दिइएको थियो ।

बैठकमा वैदेशिक रोजगारीसम्बन्धी ठगी रोक्न व्यापक जनचेतना अभियान सञ्चालन गर्नुपर्ने, डिजिटल सहायता प्रणालीलाई थप प्रभावकारी र पहुँचयोग्य बनाउनुपर्ने तथा श्रम गन्तव्य देशहरूसँग भएका द्विपक्षीय श्रम सम्झौताहरू सुदृढ गर्नुपर्ने सुझावसमेत प्रस्तुत गरिएको थियो । फर्किएका श्रमिकहरूको सीप विकास, वैकल्पिक रोजगारी तथा पुनःएकीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने र द्रुत प्रतिक्रिया संयन्त्र विकास गरी लागू गर्नुपर्नेमा समेत सहभागीहरूले जोड दिएका थिए ।

वैदेशिक रोजगार विभागका प्रमुख तथा एनआरएनए आइसीसीका उपाध्यक्ष खगेन्द्र न्यौपानेको अध्यक्षतामा सम्पन्न



बैठकमा सरकारी निकाय तथा सरोकारवालाको उल्लेख्य सहभागिता रहेको थियो । उपाध्यक्ष न्यौपानेले श्रमिकका समस्याबारे गम्भीर छलफल भएको उल्लेख गर्दै सरोकारवालाबीचको सहकार्यले सकारात्मक र रचनात्मक परिणाम दिने विश्वास व्यक्त गरे ।

उनले नेपाली दूतावासमा श्रमिकका लागि सेल्टर हाउसको व्यवस्था गर्न सरकारसमक्ष आग्रहसमेत गरे । "एनआरएनए मलेसियाले दूतावासमार्फत सेल्टर सञ्चालन गरेको अनुभव छ, तर विभिन्न कारणले बन्द भयो । अब सरकारी स्तरबाट स्थायी सेल्टर हाउसको व्यवस्था आवश्यक छ," उनले भने ।

परराष्ट्र मन्त्रालयका पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काले सरकारले मध्यपूर्व संकट व्यवस्थापनका लागि गरिरहेका कामबारे जानकारी गराएका थिए । बैठकमा कतार, यूएई, साउदी अरब, कुवेत, ओमान र बहराइनस्थित एनआरएनए राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधिहरू, आप्रवासन विज्ञ तथा अन्य सरोकारवालाहरूले आ-आफ्ना धारणा र सुझाव राखेका थिए ।

एनआरएनए मध्यपूर्व संयोजक रमेश श्रेष्ठले मध्यपूर्वमा नेपाली श्रमिकहरूले भोगिरहेका समस्या समाधानका लागि नेपाल सरकार र एनआरएनएबीच सहकार्य भइरहेको र आगामी दिनमा अझ प्रभावकारी समन्वय आवश्यक रहेको बताए ।

एनआरएनएका अध्यक्ष डा. हेमराज शर्माले सरकार, दूतावास र सरोकारवालाबीच प्रभावकारी सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै कोभिड महामारीका बेला एनआरएनएले सञ्चालन गरेको राहत, उद्धार तथा पुनःस्थापना कार्यक्रम प्रभावकारी भएको स्मरण गराए । उनले परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, कल्याणकारी कोष र एनआरएनएबीच उच्चस्तरीय समन्वय गरी तत्काल आपतकालीन संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिए ।

एनआरएनएका प्रवक्ता सोम सापकोटाले मध्यपूर्व संकटले नेपाली श्रमिकहरूको रोजगारी, सुरक्षा र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पारिरहेको भन्दै त्यसअनुसार नीतिगत व्यवस्था आवश्यक रहेको बताए ।

एनआरएनएका पूर्वअध्यक्ष डा. बद्री केसीले मध्यपूर्वका प्रमुख श्रम गन्तव्य मुलुकहरूमा पछिल्ला घटनाक्रमका कारण नेपाली श्रमिकहरूमा डर र अनिश्चितताको वातावरण सिर्जना भएको उल्लेख गर्दै संकटका बेला एनआरएनएको सक्रिय भूमिका र सरकारसँगको सहकार्य थप प्रभावकारी हुनुपर्ने धारणा राखे ।

महिला संयोजक रश्मि थापाले नेपाली श्रमिकलाई पर्याप्त सीप र तालिम दिएर मात्र विदेश पठाउनुपर्नेमा जोड दिइन् । बैठकमा महासचिव डा. चिरञ्जीवी खड्का, सह-कोषाध्यक्ष गंगा खतिवडा तथा एनसीसी साउथ सुडानका अध्यक्ष रामप्रसाद पाध्या लगायतको सहभागिता रहेको थियो । विभिन्न देशबाट पदाधिकारीहरू जुममार्फत पनि बैठकमा सहभागी भएका थिए ।



AR_Jestha_2083_BW.indd 20 6/27/2026 2:35:30 PM

## एनआरएनए एसिया प्रशान्त क्षेत्रीय सम्मेलन 'आरोहण २०२६'

# नेपाली डायस्पोरालाई नेपालको लगानी तथा पर्यटन अवसरहरूसँग जोड्ने

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को ११औँ एसिया-प्रशान्त क्षेत्रीय सम्मेलन 'आरोहण २०२६' चीनको ग्वाङझाउ शहरमा आगामी अगस्ट १५ र १६ मा आयोजना हुने भएको छ।

'लगानी, पर्यटन र पुस्तान्तरणीय सम्बन्धका लागि नेपाली डायस्पोरालाई जोड्ने' भन्ने मूल उद्देश्यसहित आयोजना हुन लागेको उक्त सम्मेलनले एनआरएनएभित्रको एकतापछि नयाँ ऊर्जा, सहकार्य तथा दीर्घकालीन रणनीतिक दिशानिर्देश प्रदान गर्ने अपेक्षा गरिएको छ। एनआरएनएको एसिया-प्रशान्त क्षेत्रको संयोजनमा हुने उक्त कार्यक्रमको स्थानीय व्यवस्थापन राष्ट्रिय समन्वय परिषद् (एनसीसी) चीनले गर्ने जनाइएको छ।




९औँ सम्मेलन थाइल्याण्डमा 'मिलाप' र १०औँ सम्मेलन कम्बोडियामा 'संगम' शीर्षकमा सम्पन्न भइसकेका छन्। सोही श्रृंखलालाई निरन्तरता दिँदै 'आरोहण' सम्मेलनलाई अझ प्रभावकारी र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ।

सम्मेलनमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र पर्यटन मन्त्री खड्गराज पौडेलसहित सरकारी पदाधिकारी तथा सांसदहरूको सहभागीता रहने आयोजकले बताएका छन्।

सम्मेलनमार्फत नेपालमा लगानी विस्तार, पर्यटन प्रवर्द्धन तथा विश्वभर रहेका नेपाली प्रवासीबीच पुस्तान्तरणीय सम्बन्ध सुदृढ गर्ने लक्ष्य लिइएको छ। विशेषगरी ग्वाङझाउको विश्वव्यापी व्यापारिक केन्द्रका रूपमा रहेको अवस्थालाई उपयोग गर्दै व्यवसाय-व्यवसाय (बीटूबी) सञ्जाल विस्तार, प्रत्यक्ष वैदेशिक लगानी आकर्षण तथा प्रवासी नेपालीको सीप, ज्ञान र पूँजीलाई नेपालको विकाससँग जोड्ने रणनीति तय गरिने बताइएको छ।

सम्मेलनका प्रमुख रणनीतिक उद्देश्यहरूमा कृत्रिम बुद्धिमत्ता, पूर्वाधार, जलविद्युत, पर्यटन, सूचना प्रविधि र कृषि क्षेत्रमा विज्ञहरूको दर्ता सूची तयार गरी नेपालको विकासमा परिचालन गर्ने, रेमिट्यान्सलाई उत्पादनमुखी लगानीमा रूपान्तरण गर्ने, दक्षिण-पूर्व तथा पूर्वी एसियामा रहेका नेपाली श्रमिकहरूको हित संरक्षण गर्ने तथा युवापुस्तालाई संस्कृति, खेलकुद र अनुभवमूलक कार्यक्रममार्फत जोड्ने योजना समावेश छन्।

एसिया-प्रशान्त क्षेत्रीय संयोजक दिपक कडेलले सम्मेलनलाई सफल बनाउन क्षेत्रभरिका एनआरएनए अगुवा, पदाधिकारी तथा राष्ट्रिय समन्वय परिषद्हरूलाई सक्रिय सहभागिताका लागि आह्वान गरेका छन्। उनले भने, "एनआरएनएको एकतापछि आयोजना हुन लागेको यो सम्मेलनले साझा उद्देश्यलाई अझ स्पष्ट पार्दै नेपालमा लगानी र सहकार्यका नयाँ अवसर सिर्जना गर्नेछ।"

दुई दिने सम्मेलनमा विभिन्न ५ वटा सत्रमा छलफलसहित कार्यपत्र प्रस्तुत गरिनेछ। सम्मेलनको पहिलो दिन अर्थात् अगस्त १५ मा नेपाल र चीन सरकारका उच्चस्तरीय प्रतिनिधिहरूको सहभागितामा उद्घाटन समारोह आयोजना गरिनेछ। त्यसपछि "नेपालमा लगानीका सम्भावना र डायस्पोरा साझेदारी" विषयक विशेष सत्र सञ्चालन हुनेछ। सो अवसरमा जलविद्युत, पर्यटन, सूचना प्रविधि, कृषि, पूर्वाधार तथा उत्पादनमूलक उद्योगका विषयमा छलफल गरिने छ। दोस्रो दिन अगस्त १६ मा पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगारी, महिला तथा युवा उद्यमशीलता र पुस्तान्तरणीय सम्बन्धका विषयमा विशेष छलफल हुने जनाइएको छ।

सम्मेलनको समापनमा "ग्वाङझाउ घोषणा-२०२६" जारी गरिनेछ, जसमा नेपाल सरकारलाई नीतिगत सुझाव र कार्ययोजना प्रस्तुत जनाइएको छ।






AR_Jestha_2083_BW.indd 21
6/27/2026 2:35:30 PM

# गैरआवासीय नेपाली चिकित्सकको लाइसेन्स खारेजी गर्ने निर्णय फिर्ता




नेपाल मेडिकल काउन्सिलले गैरआवासीय चिकित्सकको लाइसेन्स खारेज हालका लागि स्थगित गरेको छ। काउन्सिलले दुई चरणमा गरी ३६ जना गैरआवासीय चिकित्सकको लाइसेन्स खारेज गर्ने निर्णय गरेको थियो। तर, यसको चर्को विरोध भएपछि काउन्सिलको वैशाख २९ गते बसेको पूर्ण बैठकले हालका लागि उनीहरूको नाम दर्ता किताबमै राख्ने निर्णय गरेको हो।

यसअघि गैरआवासीय नेपाली संघले एक विज्ञप्ति जारी गर्दै लाइसेन्स खारेजीको निर्णय फिर्ता लिन माग गरेको थियो। एनआरएनए स्रोतका अनुसार उक्त निर्णय फिर्ता नलिए कानुनी उपचारमा जाने तयारी संघले गरेपछि काउन्सिल हच्किएको हो।

गैरआवासीय नेपाली संघका महासचिव चिरञ्जीवी खड्काले काउन्सिलको निर्णयलाई स्वागतयोग्य बताएका छन्। उनले गैरआवासीय नेपालीहरूका सबै अधिकारहरू नेपाली नागरिक सरह हुनुपर्नेमा जोड दिएका छन्।

काउन्सिलले यसअघि 'नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज' गर्ने निर्णय गरेको थियो।

काउन्सिलका निमित्त रजिष्ट्रार डा दीपेन्द्र पाण्डेका अनुसार अब संसारभरि रहेका गैरआवासीय नेपाली चिकित्सकलाई दर्ताका लागि आह्वान गरिने छ।

तालिमसहित जापान रोजगारीमा पठाउने विश्वासिलो मेनपावर








OXON International Pvt.Ltd. Kathmandu,Nepal

अक्सन इन्टरनेशनल प्रा.लि.
नयाँ बानेश्वर, काठमाडौं



AR_Jestha_2083_BW.indd 22 6/27/2026 2:35:31 PM

# अमेरिकामा हरेक वर्ष मे ३ मा 'बुद्ध डे' मनाइने

अमेरिकाको अरोरा राज्यमा हरेक वर्ष मे ३ मा "बुद्ध डे" मनाइने घोषणा भएको छ। यस वर्षको बुद्ध जयन्ती मनाउने क्रममा अरोरा सिटीका मेयर प्रो टेम एलिसन कुम्ब्सले हरेक वर्ष मे ३ लाई "बुद्ध डे" घोषणा गर्दै बुद्ध जयन्तीलाई औपचारिक मान्यता दिएको पत्र डिपुटी मेयर एलिसन कोमले पढेर सुनाएका थिए। उनले बुद्धका शान्ति, करुणा र ज्ञानका सन्देशको सम्मान गरेका छन्।




कार्यक्रममा भिक्षु शान्ति देवको उपस्थितिले धार्मिक वातावरण थपिएको थियो। बुद्धिस्ट सोसाइटी अफ कोलोराडोका अध्यक्ष तथा समाजसेवी श्याम श्रेष्ठले यस्ता कार्यक्रमले विदेशमा रहेका नेपालीलाई आफ्नो संस्कृति सम्झन र जोगाउन मद्दत गर्ने बताए। उनका अनुसार बुद्धका शिक्षा विश्वभर शान्तिको मार्ग देखाउने खालका छन्। श्रेष्ठले सबैको सहकार्यले कार्यक्रम सफल भएको बताए। उनले जहाँ भए पनि नेपालीहरूले आफ्नो संस्कृति जोगाएर नयाँ पुस्तामा पुऱ्याउनुपर्नेमा जोड दिए।

अध्यक्ष श्रेष्ठले अरोरा सिटी कोलोराडो युएसएका मेयर माइक कोफमेन र कार्यक्रममा सहभागी भएका डिपुटी मेयर एलिसन कोमलाई हार्दिक आभार समेत प्रकट गरे। कार्यक्रममा सहभागीहरूले बुद्धका शिक्षालाई व्यवहारमा लागू गर्दै समाजमा सद्भाव र सहकार्य बढाउनुपर्ने बताएका थिए।

कार्यक्रममा स्थानीय नेपाली संस्थाका प्रतिनिधिहरूका साथै वरिष्ठ नेपाली नागरिक एवं हेल्पिङ ह्यान्ड एन्ड हेल्थ एजुकेसनका अध्यक्ष नारायण श्रेष्ठ, संखुवासभा समाज अमेरिकाकी अध्यक्ष शान्ति श्रेष्ठलगायत १५० भन्दा बढी नेपालीको सहभागिता रहेको थियो।

# हङकङमा मनाइयो नेपाली नयाँ वर्ष

"रक्तदान गरौँ, जीवन बचाऔँ" भन्ने सन्देशसहित हङकङमा नेपाली नयाँ वर्ष २०८३ विशेष कार्यक्रम आयोजना गरी मनाइएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् हङकङको युवा फोरम तथा एचकेआरसीबीटीएस हङकङको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा करिब ४० जनाले रक्तदान गरेका छन्।




कार्यक्रममा हङकङस्थित नेपाली समुदायको उत्साहजनक सहभागिता देखिएको थियो। सामाजिक उत्तरदायित्व र मानव सेवाको भावनालाई केन्द्रमा राखेर आयोजना गरिएको रक्तदान कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गरेको आयोजकले जनाएको छ।

एनआरएनए एनसिसी हङकङकी अध्यक्ष अनु राईले मानव जीवन बचाउने कार्यभन्दा ठूलो सेवा अरू कुनै नभएको उल्लेख गर्दै युवाहरूलाई यस्ता सामाजिक अभियानमा सक्रिय रूपमा सहभागी हुन आग्रह गरिन्। उनले भनिन्, "रक्तदान जीवनदान हो। नेपाली समुदाय एकताबद्ध भई समाजसेवामा अघि बढिरहेको देख्दा अत्यन्त खुशी लागेको छ।"

यसैगरी, एनआरएनए आईसीसी महिला उपाध्यक्ष टिका गुरुङले विदेशमा रहेर पनि नेपाली समुदायले सामाजिक सेवामा देखाएको सक्रियता प्रशंसनीय रहेको बताइन्। उनले भनिन्, "यस्ता कार्यक्रमहरूले नेपाली समुदायबीच सहकार्य, एकता र मानवताको भावना अझ मजबुत बनाउँछन्।"

कार्यक्रममा डिस्ट्रिक्ट काउन्सिलर अरुणा गुरुङ, हङकङ नेपाली महासंघकी पूर्वअध्यक्ष रिता गुरुङलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। आयोजकले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति आभार व्यक्त गरेको छ। गैरआवासीय नेपाली संघ हङकङले आगामी दिनहरूमा पनि यस्ता सामाजिक तथा मानवीय सेवामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ।



AR_Jestha_2083_BW.indd 23
6/27/2026 2:35:31 PM

# खल्तीका सबै प्रयोगकर्तालाई ‘सुपर वालेट’ सुविधा




आइएमई खल्ती लिमिटेड (खल्ती) ले आफ्ना सम्पूर्ण प्रयोगकर्ताहरूका लागि ‘सुपर वालेट’ सुविधा सार्वजनिक गरेको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडसँगको साझेदारीमा सञ्चालित यो सेवा नेपालकै पहिलो यस्तो डिजिटल वालेट सुविधा हो, जसले प्रयोगकर्ताहरूलाई आफ्नो वालेटमा रहेको मौज्दातमा प्रत्यक्ष ब्याज प्रदान गर्दछ। यससँगै खल्ती नेपालमा ‘नियो बैंकिङ’ युगको सुरुवात गर्ने पहिलो डिजिटल भुक्तानी प्लेटफर्म बनेको छ।

यसअघि यो ब्याज सुविधा साविकको आइएमई पेबाट माइग्रेट भएका सीमित प्रयोगकर्ताहरूका लागि मात्र उपलब्ध थियो। तर अब यो सीमा हटाउँदै खल्तीले आफ्ना सम्पूर्ण केवाईसी प्रमाणित व्यक्तिगत प्रयोगकर्ताहरूका लागि ‘सुपर वालेट’ को सुविधा विस्तार गरेको छ। यससँगै खल्ती वालेट अब केवल भुक्तानी गर्ने माध्यम मात्र नभई प्रयोगकर्ताको एक आधुनिक बचत उपकरणका रूपमा परिणत भएको छ।

आइएमई खल्ती लिमिटेडका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले भने “नेपालको ठूलो जनसंख्या आज पनि औपचारिक बैंकिङ प्रणालीको पहुँचभन्दा बाहिर छ। सुपर वालेटमार्फत हामी यही असमानतालाई सम्बोधन गर्दैछौं। अब हरेक नेपालीको– चाहे ऊ गाउँको किसान होस्, सहरको साना व्यवसायी होस्, विदेशमा पसिना बगाइरहेको कामदार होस्, वा सानो खर्च गर्ने विद्यार्थी नै किन नहोस्– उसको हरेक रुपैयाँले उसैको लागि काम गर्नेछ। एक विद्यार्थीले समेत आफ्नो सानो रकम कसरी बढ्दै गइरहेको छ भन्ने प्रत्यक्ष अनुभव गर्न सक्नेछ, जसले उनीहरूमा सानै उमेरदेखि बचतको स्वस्थ बानी विकास गराउनेछ। खल्ती अब केवल डिजिटल भुक्तानीको माध्यम मात्र होइन– यो नेपालीहरूलाई वित्तीय अनुशासन र बचतको संस्कार सिकाउने एक अनुभव प्लेटफर्म हो। यो खल्तीको व्यावसायिक सफलता मात्र होइन, नेपालको वित्तीय लोकतन्त्रीकरण र वित्तीय साक्षरतातर्फको एक निर्णायक कदम हो।”






AR_Jestha_2083_BW.indd 24 6/27/2026 2:35:31 PM

# कृषि विकास बैंकद्वारा विद्यार्थीलाई स्कुल ब्याग वितरण



कृषि विकास बैंक लिमिटेडले हरेक वर्षजस्तै यस वर्ष पनि संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं. ८ मा रहेको डेडी थुम्का माध्यमिक विद्यालयमा रहेका सम्पूर्ण २३२ बालबालिकाका लागि स्कुल ब्याग वितरण गरेको छ।

उक्त विद्यालयलमा स्थानीय दनुवार, गरिब तथा सीमान्तकृत समुदायका बालबालिका अध्ययन गर्दछन्। स्रोत अभावमा अध्ययन गरिरहेका बालबालिकाहरूलाई यो सहयोगबाट लाभ भएको विद्यालयले जनाएको छ।

कार्यक्रममा मण्डनदेउपुर नगरपालिकाका मेयर टोकबहादुर वाइवाले यस क्षेत्रका बासिन्दाहरूको मुख्य स्रोत कृषि आम्दानी भएको र कृषि विकास बैंकसँगको सहकार्य नगरपालिकाका लागि फलदायी हुने विश्वास व्यक्त गरे। बैंकले विद्यालयलाई सहयोग हस्तान्तरण गरेकोमा खुशी व्यक्त गर्दै उनले कृषक तथा कृषि कार्यमा समेत सहजीकरण गरी सहकार्य गर्न अनुरोध समेत गरे।

कार्यक्रममा बैंकका सञ्चालक विनोदकुमार गुरागाईले ब्याग हस्तान्तरण गर्दै गरिब तथा जेहेन्दार विद्यार्थीहका लागि शैक्षिक सामाग्री हस्तान्तर गर्न पाउँदा बैंक गौरवान्वित भएको र सधै यस प्रकारको कार्य गर्न उत्सुक रहेको बताए। विद्यालयसँग दीर्घकालीन समभ्रूदारी गरी गरिब विद्यार्थीको दक्षता वृद्धिका लागि थप कार्य गर्न उत्सुक रहेको समेत उनले बताए।

बैंकका उपमहाप्रवन्धक सुशील हुमागाईले बैंकले विद्यालयका विद्यार्थीका लागि यस प्रकारको शैक्षिक सामाग्री हस्तान्तरण कार्यक्रममा विद्यार्थीको उत्साहपूर्वक सहभागिता सामाग्री प्राप्त गर्ने उत्सुकता र आवश्यकता देख्दा बैंकले सही स्थान छनौट गरेकोमा खुशी व्यक्त गरे। उनले सहयोगको लागि कार्यालय र स्थान छनौटमा सहभागी व्यक्तिलाई धन्यवाद व्यक्त गरे।

# नबिल बैंकको एपबाटै **एसआइपी सेवा**

नबिल बैंक लिमिटेडले आफ्नो बैंकिङ एप 'एनबैंक'मा 'लगानी'सम्बन्धी सेवा विस्तार गरेको छ। लगानी सेवालाई अझ सहज, सुरक्षित र डिजिटल माध्यमबाट पहुँचयोग्य बनाउने उद्देश्यले उक्त सेवा सुरु गरिएको बैंकले जनाएको छ।



नबिल बैंक र नबिल इन्भेस्टमेन्ट बैंकिङबीच भएको समझदारीसँगै यो सुविधा सुरु भएको हो। समझदारी पत्रमा नबिल बैंकको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईं र नबिल इन्भेस्टमेन्ट बैंकिङको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनिषनारायण जोशीले हस्ताक्षर गरेका थिए।

एउटै प्लेटफर्मबाट सम्पूर्ण वित्तीय सुविधा उपलब्ध गराउने उद्देश्यले एनबैंकमार्फत उक्त सेवा सुरु गरिएको बैंकले जनाएको छ। बैंकका अनुसार एकीकृत लगानी सेवा सुरु भएसँगै नबिल बैंकका ग्राहकहरू अब 'सिस्टेम्याटिक इन्भेस्टमेन्ट प्लान' (एसआइपी)मा दर्ता हुन र किस्ता भुक्तानी गर्ने काम मोबाइबाटै गर्न सकिनेछ।

एनबैंकका प्रयोगकर्ताहरूले एनबैंकको होमपेजमा गई 'इन्भेस्टमेन्ट, एसआइपी, टीएमएस' आइकनमा क्लिक गरी एसआइपीमा दर्ता हुन र भुक्तानी गर्न सक्नेछन्। यस सुविधा प्रयोग गर्दा अतिरिक्त शुल्क नलाग्ने बैंकले जनाएको छ।

विस्तारीत सुविधासँगै आफ्ना डिजिटल सेवाहरूलाई निरन्तर सुधार गर्दै सेवाग्राहीहरूलाई एकिकृत प्लेटफर्ममार्फत वित्तिय सेवा थप विस्तार गर्दै लैजाने बैंकले जनाएको छ।

नबिल बैंकले देशभर २६६ शाखा सञ्जालसहित ३१८ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ।



AR_Jestha_2083_BW.indd 25
6/27/2026 2:35:31 PM

# क्लासिक टेकप्रति ग्राहकको आकर्षण

CLASSIC TECH

नेपालका इन्टरनेट सेवा प्रदायक कम्पनीहरूमध्ये क्लासिक टेकप्रति ग्राहकहरूको आकर्षण निरन्तर बढ्दै गएको हालै सार्वजनिक तथ्यांकले देखाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले हालै प्रकाशन गरेको तथ्यांकले नेपालमा इन्टरनेट सेवा दिदै आएका अधिकांश सेवा प्रदायक भन्दा क्लासिक टेकमा ग्राहकको बढ्दो आकर्षण रहेको छ। गतवर्ष २०८२ फागुन र चैत्र महिनाको नयाँ इन्टरनेट जडान गर्ने ग्राहकको संख्यामा इन्टरनेट वर्गीकरण अनुसार क्लासिक टेक पहिलो स्थानमा रहेको तथ्यांकमा उल्लेख छ।

उक्त तथ्यांकअनुसार, २०८२ सालको फागुन महिनामा क्लासिक टेकका कुल ग्राहक संख्या २७९,८४८ रहेकोमा चैत्र महिनामा बढेर २८३,३७१ पुगेको छ। यस अवधिमा कम्पनीले ३,५२३ नयाँ ग्राहक थप्न सफल भएको देखिन्छ। तथ्यांकलाई हेर्दा विशेषगरी २०८२ सालको फागुन र चैत्र महिनाको ग्राहक क्लासिक टेकले उल्लेखनीय रूपमा नयाँ ग्राहक थप्न सफल भएको देखिन्छ।

कम्पनीप्रति ग्राहकको आकर्षण बढ्नुमा सहुलियत मूल्यमा गुणस्तरीय इन्टरनेट सेवा उपलब्ध गराउनु तथा अत्याधुनिक प्रविधियुक्त वाइफाइ सिक्स राउटर साना देखि ठूला सबै प्याकेजमा उपलब्ध गराउनु मुख्य कारणका रूपमा हेरिएको र यति मात्र नभई ५० एम बि पी एस देखि ३०० एम बि पी एस सम्मका ३ महिने तथा वार्षिक प्याकेजहरूमा समेत वाइफ़ाइ सिक्स राउटर प्रदान गराएकाले ग्राहकहरूको रोजाइमा क्लासिक टेक पर्न सफल भएको कम्पनीको भनाइ छ।

इन्टरनेट जस्तो अत्यावश्यक सेवामा ग्राहक समर्थन तथा प्राविधिक सेवाको विषय भने कम्पनीका लागि चुनौतीपूर्ण रहँदै आएको छ। विशेषगरी वर्षायाममा मौसम परिवर्तन, फाइबर लाइन क्षति तथा विभिन्न प्राविधिक समस्याका बाबजुद पनि कम्पनीले सेवा विस्तार र ग्राहक सन्तुष्टिलाई प्राथमिकतामा राख्दै आएको जनाएको छ। केही समयअघि क्लासिक टेकले ग्राहक समर्थन तथा टेक्निकल फिल्ड सपोर्ट सेवा सुधारका लागि विशेष सेवा अभियानसमेत सञ्चालन गरेको थियो।

नयाँ ग्राहक विस्तारसँगै विद्यमान ग्राहकलाई प्रभावकारी सेवा उपलब्ध गराउनु पनि उत्तिकै प्राथमिकतामा रहेको छ।

घरायसी सेवासम्बन्धी सहयोगका लागि ग्राहकहरूले ९८०२९२२३०४ मा सम्पर्क गर्न सक्नेछन् भने अफिसियल तथा कर्पोरेट सपोर्टका लागि ९८०२६२२३०३ मा सम्पर्क गर्न सकिने छ। साथै, क्लासिक टेक मोबाइल एप मार्फत पनि ग्राहकहरूले आफ्नो समस्या वा सेवा सम्बन्धी टिकट दर्ता गर्न सक्ने व्यवस्था रहेको कम्पनीले जानकारी दिएको छ।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal

Tel: 1-4365986 to 89 & 4366137/8

E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np



AR_Jestha_2083_BW.indd 26 6/27/2026 2:35:32 PM

# एनसेलले पायो गुणस्तर र वातावरण सम्बन्धी आइएसओ मान्यता



एनसेलले प्रतिष्ठित आईएसओ ९००१ र १४००१ मान्यता प्राप्त गरेको छ। यी अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मापदण्डहरूले कम्पनीको सधैँ उच्च गुणस्तरीय सेवा प्रदान गर्ने तथा वातावरणीय प्रभावलाई न्यूनतम राख्ने प्रतिबद्धतालाई उजागर गरेका छन्।

आईएसओ ९००१ गुणस्तर व्यवस्थापन प्रणाली (क्वालिटी म्यानेजमेन्ट सिस्टम)को विश्वव्यापी मानक हो। यसले ग्राहकका आवश्यकता तथा नियामक निकायहरूका प्रावधानहरू पूरा गर्न व्यावसायिक प्रतिष्ठानहरूले आवश्यक प्रक्रियाहरू अपनाउने गरेको सुनिश्चित गर्दछ। त्यसैगरी, आईएसओ १४००१ ले वातावरणीय व्यवस्थापन प्रणाली (एन्भाइरमेन्टल म्यानेजमेन्ट सिस्टम)को मापदण्ड निर्धारण गर्दछ, जसले संघ-संस्था तथा व्यवसायहरूलाई उनीहरूको वातावरणप्रतिको जिम्मेवारी, फोहर मैला व्यवस्थापन र विद्यमान कानुन तथा नियमहरू प्रभावकारी रूपमा पालना गर्न मार्गदर्शन गर्दछ।

"आईएसओ २७००१:२०२२ (आइएसएमएस) र आईएसओ २७७०१:२०१९ (पीआईएमएस) डाटा सुरक्षा तथा गोपनीयताका मान्यताहरू प्राप्त गरेपछि अब आईएसओ ९००१ र आईएसओ १४००१ को मान्यता पाउनु हामीले प्रदान गर्ने सेवाको गुणस्तर प्रति हाम्रो प्रतिबद्धताको प्रमाण हो," एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने।

"बिजनेस टु कन्ज्युमर (बी टु सी), बिजनेस टु बिजनेस (बी टु बी) वा बिजनेस टु गभरमेन्ट (बी टु जी) जुनसुकै सेवा भए पनि यी मान्यताहरूले हाम्रो व्यवसाय विश्वव्यापी रूपमा मान्य मापदण्डअनुसार बलियो रूपमा सञ्चालित छ भन्ने कुरा गरेको छ।"

एनसेलले पुस २०८१ मा आईएसओ २७००१:२०२२ (आइएसएमएस) र आईएसओ २७७०१:२०१९ (पीआईएमएस) को मान्यता प्राप्त गरेको थियो। उक्त प्रमाणीकरण यो वर्ष पनि नवीकरण गरिएको छ। यस्तो प्रमाणीकरण प्राप्त गर्ने एनसेल नेपालको पहिलो दूरसञ्चार सेवा प्रदायक हो।

यी दुई प्रमाणीकरणहरूले नेपालको द्रुत गतिमा विकास भइरहेको डिजिटल परिदृश्यमा कम्पनीको उत्कृष्ट सञ्चालन र दिगोपनप्रति एनसेलले ध्यान केन्द्रित गरेको कुरालाई पुष्टि गर्दछ। ग्राहकहरूका लागि यसको अर्थ थप भरपर्दो नेटवर्क पर्फर्मेन्स, अझ उत्तम सेवा गुणस्तर र वातावरणीय रूपमा जिम्मेवार सञ्चालन सुनिश्चितता हो।

त्यस्तै उद्यमी तथा व्यवसायहरूले दक्षता वृद्धि, जोखिम न्यूनीकरण र बढी प्रतिस्पर्धात्मक क्षमता प्राप्त गर्दछन् भने साझेदार, नियामक निकाय तथा लगानीकर्ताहरूले एनसेलको जबाफदेहिता, कम्प्लायन्स र निरन्तर सुधारप्रतिको प्रतिबद्धताबाट आत्मविश्वास प्राप्त गर्न सक्नेछन्।

यी प्रमाणीकरणहरूको सदुपयोग गर्दै विश्वस्तरीय डिजिटल सेवाहरू उपलब्ध गराउन र पर्यावरणीय संरक्षणलाई पनि प्रवर्द्धन गर्न कम्पनी प्रतिबद्ध रहेको छ।

# एनएमबि बैंकद्वारा शैक्षिक सामाग्री सहयोग



एनएमबि बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत तमु धिं नेपालसँगको सहकार्यमा ४० जना तमु समुदायका जेहन्दार विद्यार्थीहरूलाई शैक्षिक सहयोग प्रदान गरेको छ। सहयोग तमु धिं नेपालको ४२ औं स्थापना दिवसको अवसरमा प्रदान गरिएको हो।

गण्डकी प्रदेशको सामुदायिक विद्यालयका विद्यार्थीलाई पोशाक तथा शैक्षिक सामग्री वितरण गरिएको थियो। सहयोग सामग्री गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङ, तमु धिं नेपालका संस्थपक अध्यक्ष कर्म कुमारी तमु, अध्यक्ष हुमबहादुर गुरुङ तथा एनएमबि बैंकका गण्डकी प्रदेश प्रमुख राजिव रञ्जितले संयुक्त रुपमा वितरण गरेका थिए।

कार्यक्रममा बोल्दै एनएमबि बैंकका गण्डकी प्रदेश प्रमुख राजिव रञ्जितले तमु धिं नेपालसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताउँदै शिक्षा, समुदाय सशक्तीकरण तथा सामाजिक विकासमा बैंकको सहकार्य निरन्तर रहने बताए। एनएमबि बैंकले हाल देशभरी १९८ शाखाहरू, १७६ एटिएमहरू र ९ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गदै आइरहेको छ।



AR_Jestha_2083_BW.indd 27 6/27/2026 2:35:32 PM

# बज्यैको बह

**उनले भान्सामा पस्दा भनिन्– 'मेरो मनको बह यिनैले त सुन्छन् । छोरीहरू परदेश गैगए । यिनलाई नसुनाए त म मरिहाल्छु नि । बिरामीले थला परिहाल्छु नि ।' अहिले देशैभरि यस्ता आमाहरूको संख्या झन्–झन् बढेको देखिरहेको छु म ।**



युवराज नयाँघरे

पाँचवटी छोरी परदेशिएपछि एक्लै भइन् बज्यै ।

बाजेको भर छैन, उनी कता पुग्छन् कता । एक हप्ता घर बसे भने तीन हप्ता अन्तै पुगिसकेका हुन्छन् । घरमा छन् कि छैनन्- गाउँलेलाई पनि पत्तै हुँदैन ।

हिजो कान्छी छोरी मलेसिया उडी । हिजो दिनभरि बज्यैलाई मन खल्लो भइरह्यो । तर आजदेखि पुरै मन चङ्गा भयो ।

'यसरी मन खिन्न पारेर काँ हुन्छ नि काइँली ।'

उनले आफूले आफैँलाई सम्झाइन् ।

'अब आफ्नो वरपरका हरेक कुरालाई साथी बनाएर बाँच्न सिक्नु पर्छ ।'

'अनि पो जिन्दगी सजिलो हुन्छ ।'

बज्यैले मनमा कुरा खेलाउँदै गोठमा गइन् । उनीसँगै एउटा झ्याप्ले कुकुर पछि-पछि आयो ।

'ए कान्छी, तँ यता आइज त । तँलाई नुहाइदिनुपर्ने थियो । तँ दुई-तीन दिनदेखि कता हराएकी थिइस् । तेरो चालामाला राम्रो देख्दिनँ है । कोसँग मिसिन गएकी तँ ?'

'नलुकाइकन भन् त ।'

बज्यैले गालामा हानिन् ।

कुकुर अझै लुटुपुटु भयो । उनले त्यो खैरी कुकुरलाई च्याप्प समातेर डोरीले बाँधेर आँगनमा राखिन् । उसको खानेकुरा खाने थालमा केही खाना हालिन् ।

अनि धोईधाई मिची-मिची नुहाउन लागिन् । खैरी पनि कुई कुई गर्दै बाटाभित्रै बस्यो ।

बज्यैले राम्ररी नुहाएर पुछपाछ गरिन् । अनि घाममा राखिन् । अघि थर्रर भएको खैरी पनि थपक्क बस्यो ।

'फेरि गाउँका भुस्याहासँग मिसिन गएको थाहा पाएँ भने करङ गन्छु है म त ।'

बज्यै बोलिरहेकी थिइन् ।

कुरो बुझेझैँ खैरीको अनुहार देखिन्थ्यो । उसको थालमा हिजो बेलुका खाएका खसीका हड्डीका टुक्रा ल्याएर हालिन् उनले ।

'तँलाई सम्झेर राखेकी मैले । आज घर नआएकी भए तैँले पाउने थिइनस्, बुझिस् खैरी ।'

हड्डी टोक्नमा ब्यस्त खैरीको अनुहार उज्यालो थियो ।

गोठतिर जाँदा बाटोको देब्रेतिर परालको माच थियो । बज्यैले सऱ्याकसुरुक गरेको सुनिन् । अलिक पछाडिपट्टि घुमेर हेरिन् ।

सेती गाईले परालको माचमा मुन्टो घुसारेर रमाउँदै पराल तानेको देखियो ।

उसले आफ्नो गर्धन परालमा दलिरहेको पनि उनले देखिन् ।

'ए नक्कली, के पारा हो तेरो ?'

बज्यै बोलेको सुनेपछि सेती माच छोडेर पैनीतिर लाग्यो । बज्यै पनि त्यतै लागिन् ।

डोरी फुस्केको रहेछ । उनले सिङमा बाँधिन् ।

'तेरो बानी सार्है खराब छ । जोसँग पनि जुध्ने । निहुँ खोज्ने । केटी भएर पनि केटाहरूसँग झगडा गर्ने । तँ सार्है बदमास भइस् । के सार्हो झगडे तँ, हँ ?'

बज्यै बोलिरहेकी थिइन् ।

उनले सेतीको गर्धन सुम्सुम्याई दिइन् । सेती गाई बज्यैको छेवैतिर आइपुगिन् । सेती



AR_Jestha_2083_BW.indd 28 6/27/2026 2:35:32 PM

त यताउता नगरी बज्यैको छेवैमा उभिरही ।

'अब के खोजेको नि ?'

बज्यैले बोली-बोली सुम्सुम्याइरहिन् । उनका हात थुनभन्दा अलिक कुनातिर पुगे । जहाँ सेतीको थुतुनो पुग्दैनथ्यो ।

'ओहो, कति धेरै किर्ना ?'

उनले किर्ना टिप्दै फ्याँक्न थालिन् । उनले किर्नालाई एउटा पातमा भेला पारिन् ।

'यत्तिकै छोड्यो भने भोलि फेरि अरुमा सर्छ । यिनलाई तह नलगाई भएन ।'

चौध-पन्ध्र वटा खुन चुसेर मोटाएका किर्ना उनले जमीनमा गाडिन् ।

सेती पनि किर्ना झारिदिएकोमा निकै खुशी भई । उसको रगत चुसेका ठाउँमा रातै डाम थिए । कति ठाउँमा त रगत बगेका थिए ।

बज्यैले दुबो र चरिअमिलो ढुंगामा थिचथाच पारिन् । अनि त्यो लेदो किर्नाले टोकेको ठाउँमा मज्जाले दलिदिइन् ।

सेती रमाएर चर्न गई ।

'तेरो खुशी नै मेरो खुशी ।'

बज्यै बोल्दै पैनीतिर गइन् ।

पैनीमा एउटा अलिक लाम्काने बोको चरिरहेको थियो । आँखाभरि झ्याप्पै रौँ भएको त्यो बोकोलाई गाउँभरि बीउको बोको भन्थे ।

बज्यैलाई देखेर त्यो एकपटक करायो ।

बज्यैले त्यसलाई सुम्सुम्याइन् । अलिक शितलतिर सारिन् किलो उखेलेर । अनि नजिकैको कलबाट पानी झिकेर ल्याएर खुवाइन् ।

'तेरो छोराछोरी पनि गाउँभरि छन् है । तैँले भुँडी नबोकाएको कुनै बाख्री छैनन् गाउँमा ।'

'के गर्नु अरुलाई छिनाली हाल्छन् । धन्न तँलाई मैले जोगाएकी छु । अरुजस्तो उत्ताउलो भएको भए तँलाई म बेचिसक्थेँ । तेरो आनीबानी राम्रो भएकाले बचाएकी छु ।'

बज्यैले बोकाका कानभरि थुप्रेका सेता जुम्रा टिपेर भनिन् ।

कान, गर्धन र अगाडिका खुट्टाका चेपमा जुम्रा टम्मै थिए । उनले जुम्रा टिपेर फ्याँकिन् । त्यहाँ तितेपातीको झोल दलिदिइन् ।

सुरुमा त बोको पनि तितेपातीको झोलको ओखतीले सन्चो मान्दै थियो । पछि पछि त अलिक पोलेछ- उफ्रिन थाल्यो ।



केही पछि त बज्यैलाई नै सिङले हान्न थाल्यो । रिसाएको बेहोरा देखाउन थाल्यो उसले ।

'गुन गर्नेलाई बैगुन नदेखा न बोका ।'

बज्यैले बोकालाई सम्झाएर भनिन् । उसले पनि बुझेजस्तो गऱ्यो । अनि आफ्नै सुरमा दुबो चर्न थाल्यो ।

उनले आँगनतिर फर्किन लाग्दा भनिन्- 'घरका स-साना पठ्याङग्रीहरूलाई दुःख नदिनु नि । तेरो त अलिक नराम्रो बानी छ । साना, ठूला-जोसुकै भए पनि उक्लिहाल्ने तेरो छाडा बानी छ ।'

बज्यै आफ्नै सुरमा बोल्दै आँगनमा पुगिन् ।

आँगनमा चार-पाँच वटा चल्ला डुलाएर एउटी कुखुरी चरिरहेकी थिई ।

त्यो कुखुरी भोकाएजस्तो लाग्थ्यो ।

बज्यैले भित्र गएर भात ल्याएर दिइन् । कुखुरीले चल्लाहरूलाई डाकेर खुवाई । आफूले कमै खाई ।

'तँ बिरामी छेस् डल्ली । तेरो घाँटीमा के अड्केको देख्छु म । कि तँलाई देसानले छोयो ?'

झम्टेर बज्यैले माउ कुखुरी समातिन् । अनि उनले थुतुनोमा घाउ भएको देखिन् । उनले घरभित्र गएर नीलो तुथो ल्याइन् । कपासले थुतुनोमा पुछपाछ गरेर दलिदिइन् ।

पोथी गएपछि उनी आफ्नै पारामा बोलिन् ।

'यो मेरी जेठी छोरी दुबई जाँदा किनेको । जेठी जति वर्ष भो परदेसिएको, यो कुखुरी नि त्यति नै वर्ष भो ।'

'तँ मर्न पाउँदिनस् है सुन्तली । मेरो छोरी आउँछे अनि तैँले पारेको अण्डा खान्छे । तैँ मरिस् भने मेरो घर सुन्ने हुन्छ ।'

बज्यैले माउ पोथीलाई धपाइन् ।

घर पछाडि परेवाका बथान थिए । कोही चरिरहेका, कोही झगडा गरिरहेका, कोही ढुंगाढुंग गरिरहेका, कोही माकमाक घुर्र गरिरहेका, कोही लखेटालखेट गरिरहेका ।

बज्यै कराउँदै देखापरिन् ।

'कति खान्छौ हऊ । बारीको तोरी सखाप पारेछौ । अझै अघाएनौ है तिमीहरू । मेरो बाटो मात्र हेरेर हुन्छ । आफै चरेर पो खानु पर्छ । अर्काको भर, आशा गर्नेले सधैँ भोकभोकै बस्नुपर्छ ।'

एउटा कुनामा अलिक ठूलो र गजक्क परेको भाले परेवा अलिक झोक्राएको थियो । उसको पखेटा जिडग्रिङ देखिन्थ्यो ।

'हिजो राति तँलाई धन्नै निलेको थियो । तै चिथोरेर मात्रै छोडेछ ।'

अघिल्लो राति बिरालोले झम्टेर यो भाले परेवा कप्लक्क पार्न खोजेको रहेछ । बिरालोले चिथोरेको हुनाले यो परेवाको भाले घाइते भएको रहेछ ।

उसलाई देखेर बज्यैको माया पलायो ।

'तँ पनि खोर बाहिर किन बस्छस् ? कति पटक खोरको दैलो लगाइदिन्छु । घचेटेर बाहिर बसिहाल्छस् । भित्र बसेको भए तँ यस्तो घाइते त हुनु पर्दैनथ्यो । खुब छिटो बाहिर गीत गाई बस्छस् । अनि मौका छोपेछ ढाडेले ।'

'तेल-बेसार लाइदिन पाए त निको हुन्थिस् तँ ।'

'मेरो छेवै पर्दैनस्, के गर्नु ।'

बज्यैले बोलिसकेर कोठाभित्र पसिन् ।

उनले भान्सामा पस्दा भनिन्- 'मेरो मनको बह यिनैले त सुन्छन् । छोरीहरू परदेश गैगए । यिनलाई नसुनाए त म मरिहाल्छु नि । बिरामीले थला परिहाल्छु नि ।'

अहिले देशैभरि यस्ता आमाहरूको संख्या झन्-झन् बढेको देखिरहेको छु म ।



AR_Jestha_2083_BW.indd 29 6/27/2026 2:35:32 PM

# एक हाते ताली

हामीकहाँ ताली ठोक्नुलाई राम्रो मानिन्छ। बरू टेबल ठोक्नुलाई राम्रो मानिँदैन, झगडा वा विवादमा शत्रुपक्षलाई कमजोर बनाउनलाई एकहातले टेबल ठोकिन्छ। संसदमा कुनै कुराको समर्थन गरिनुलाई कसरी राम्रो मान्ने। न हाम्रो शास्त्रले मान्छ, न हाम्रो योगले मान्छ।



शम्भु सुस्केरा

अचम्म लाग्छ
एक हातले पनि ताली बज्छ ?
बजाइदिए युवराज नयाँघरेले

युवराज नयाँघरेले पनि होइन, नेपाली जनताले बजाए युवराज नयाँघरेले देखे र लेखे शब्दमा।

पढेको उहिल्यै हो युवराज नयाँघरेको निबन्ध 'एक हातको ताली'। २०६५ मा प्रकाशित निबन्ध कृतिको एक मेलो शब्दहरूको टाउको 'एकहातको ताली'।

निबन्ध पढ्दा मेरो ठम्याइ रह्यो शब्दमा, साहित्यमा र भावनामा मात्र बजेको हो उनको ताली। त्योभन्दा बढी लागेको के हो भने यो एउटा बिम्ब र व्यङ्ग्य मात्र हो।

अहिले थाहा भयो एक हातको ताली बज्दो पनि रहेछ। तर संसदमा मात्रै।

बेलायतीहरूले तेह्रौं सताब्दीदेखि बजाएको एकहाते ताली हामी २१ औँ सताब्दीमा पनि बजाएकाबजाइ रहेछौँ। उनीहरू पनि निरन्तर बजाइरहेकै होलान्।

नयाँघरेको शब्द, भावना र बोध के होला भने जनताले सधैँ एक हातले ताली बजाइरहे। तर राजनीति र नेताले जनताको एकहातमा अर्को हात कहिल्यै दिएनन्। दिन नै चाहेनन्।

राणाकालमा जनताको ताली नै थिएन। उनीहरू जनताको ताली विनाको एकहाते ताली बजाइरहे।

राणा ढले जनताको एकहातमा हात मिलेनन्। पञ्चायत आयो सत्ताले नै बजायो एक्लै एकहाते ताली, जनता मिसिएनन् त्यसमा।

आन्दोलनको बोलीमा होस् वा गोलीमा फेरि बजे जनताका एकहाते ताली, अहँ मिसिएनन् नेताका ताली। जनताको दुःखमा सुखका ताली कहिल्यै मिसिएनन्। जनताको आँसुमा हाँसोको ताली मिसिएनन्। जनताको आशामा भरोशाको ताली मिसिएनन्। जनताको आवश्यकतामा पूर्तिको ताली मिसिएन। जनताको गरिबीमा समृद्धिको ताली मिसिएन।

अथवा जोडले बजेनन्, बज्न चाहेनन्।

तर पनि बजिरहे जनताको एकहातको ताली। आशाको एक हाते ताली बजिरह्यो निरन्तर।

२०४७ देखि जनताको संसदमा सांसदहरू पनि बजाउन थाले एक हाते ताली। जनताको पक्षमा भनेर बजाए, देशको पक्षमा भनेर बजाए, बजाइरहे।

एकहाते बेलायती ताली घन्किरह्यो। तर नेपाली मन कहिल्यै घन्किएन।

जनताको एकहाते तालिमा अब राजनीतिको अर्को हात मिसिन्छ ?

संसदका टेबलमा बज्न थालेका छन् फेरि एकहाते ताली।

जनताको एकहातमा मिसिने अर्को हातका ताली हुन् की होइनन् ? प्रश्न पनि छ आशा पनि छ तर भरोशा दिनै बाँकी छ।

योगशास्त्रले भन्छ एक हातले ताली बज्दैन ताली दुईहातले नै बजाऊ।

योग विज्ञान हो। विज्ञानले शरीर मन र मस्तिष्कलाई स्वस्थ्य राख्छ भन्छ।

आवश्यकताको सिद्धान्तले पनि भन्छ ताली दुवै हातले बजाऊ। नयाँघरेको न्याङरुङे कटुवालले बहुदल ल्याउन बजाए, प्रजातन्त्रको पालुवा हाल्न बजाए, देशको घाउ निको पार्न बजाए तर घीउसँग तरबार साटिएझैँ भइरहेछ।

र यसपटक पनि दोस्रो पुस्ताको न्याङरुङेहरूले फागुन २१ मा बजाए एकहातको ताली। र सांसदहरू संसद भवनमा बेलायती संस्कृति बजाइरहेका छन् एक हाते ताली।

बेलायतमा उसबेला ताली बजाउनुलाई राम्रो मानिँदैनथ्यो रे। त्यसैले एकहातले टेबल ठोकेर ताली बजाएको भान पारे।

हामीले किन बेलायती बिरालो बाँध्नु ?



AR_Jestha_2083_BW.indd 30 6/27/2026 2:35:32 PM

नेपाली बिरालो बाधौँ । मनले तर्क बोल्छ र तथ्य पनि यही हो भन्ने लाग्छ ।

हामीकहाँ ताली ठोक्नुलाई राम्रो मानिन्छ । बरू टेबल ठोक्नुलाई राम्रो मानिँदैन, झगडा वा विवादमा शत्रुपक्षलाई कमजोर बनाउनलाई एकहातले टेबल ठोकिन्छ । संसदमा कुनै कुराको समर्थन गरिनुलाई कसरी राम्रो मान्ने । न हाम्रो शास्त्रले मान्छ, न हाम्रो योगले मान्छ ।

बरू हाम्रो योगशास्त्रले ताली बजाउनुलाई मानसिक र शारिरीक स्वास्थ्य लाभको दृष्टिले निर्देश गर्छ । दुईहातले ताली बजाउँदा रक्त संचार, मस्तिष्क, पेट, मिर्गौला, आन्द्रा, प्रजनन अङ्ग, पाचन प्रणाली, कलेजो मुटु, फोक्सो लगायत भित्री अङ्गलाई लाभ हुन्छ ।

ताली बजाउँदा एन्डोर्फिन हार्मोन सक्रिय हुन्छ, मस्तिष्क सक्रिय बनाउँछ र तनाब कम गर्छ अनि खुशी बढ्छ भनेर विज्ञानले पनि भन्छ । देखिन्छ पनि उस्तै मानिसले खुशी भएर ताली ठोक्छ र ताली ठोकेर खुशी हुन्छ । र जब मानिसको अनुहारमा चमक आउँछ यसले शारिरिक मानसिक स्वास्थ्यमा अवश्य सकारात्मक प्रभाव छोड्छ ।

हाम्रो हातमा एक्युप्रेशर प्वाइन्ट अत्याधिक हुन्छ । अकुप्रेसर पद्धतीमा यिनै हत्केलामा दबाइएर कतिपय उपचार गरिन्छ । तसर्थ ताली आफैंमा अकुप्रेसर पनि हो । अकुप्रेसर उपचार विधी सदियौंदेखि प्रचलित एक प्रभावकारी उपचार विधी हो ।

विश्वमा अहिले ताली चिकित्सा (क्ल्यापिङ थेरापी)को रूपमा अभ्यास हुन थालेको छ । ताली बजाइरहँदा शरीरमा ऊर्जा बढ्छ, मनको चिन्ता, तनाव, कुण्ठा हट्छ । ताली बजाउनु एक किसिमको सूक्ष्म व्यायाम नै मानिन्छ । एक सहज योगको रूपमा यसको विश्वव्यापी अभ्यास हुन थालेको छ । ताली बजाउनुको नकारात्मक असर अहिलेसम्म (साइड इफेक्ट) केही पनि देखिएको छैन ।

यही सत्य थाहा पाएर होला सायद क्यानाडा लगायत केही देशले संसदमा टेबल ठोक्न छाडेर दुई हातले ताली बजाउन थालेका छन् ।

चिनियाँ अकुप्रेसर चिकित्सा पद्धतिका अनुसार मानव शरीरमा जम्मा ३४० वटा अकुप्रेसर बिन्दु हुन्छन् जसमध्ये हत्केलामा करीब २८ वटा अकुप्रेसर बिन्दु हुन्छन् । हरेक बिन्दुको सम्बन्ध शरीरको महत्वपूर्ण भित्री अंग जस्तै हृदय, कलेजो, प्याङ्क्रियाज, फोक्सो, मृगौला, आन्द्रा आदिसँग हुन्छ ।

जसै ताली पडकाइन्छ ती अकुप्रेसर बिन्दुहरूमा दबाब पर्छ । त्यसपछि हत्केलामा हुने रिसेप्टर उत्तेजित हुनपुग्छन् । उत्तेजित रिसेप्टरले मष्तिस्कमा सन्देश पठाउँछ । यसरी मष्तिस्क सक्रिय बन्छ र रिसेप्टरको सक्रियताले अपेक्षा गरेको अनुसार क्रियाप्रतिक्रिया गर्दछ । साथै सबै बिन्दुमा दबाब पर्ने भएकाले ऊर्जा प्रवाह हुनुका साथै शरीरमा ताजापन महसुस हुन्छ । ताली बजाएमा बच्चाहरूको दिमागमा सकारात्मक असर पर्छ ।

स्वास्थको लागि तालि बजाउन चाहनेले समय र परिस्थति मिल्ने बित्तिकै बजाइ हालौं । ताललीलाई शारीरिक अभ्यासको रूपमा दैनिक अभ्यास गर्ने हो भने कुनै खुल्ला हावादार हरियाली स्थानमा बसेर ३० मिनेट निरन्तर एकाग्रताका साथ ताली बजाउने अभ्यास गर्दा शरीरका प्रायः अंगहरू सक्रिय हुन्छन् ।

'न्युरो रिह्याविलिटेसन्' जर्नलमा मिन जी किम र समूले सन् २०११ म प्रकाशित गरेको लेख अनुसार मस्तिष्कलाई उत्तेजित बनाउनका लागि ताली बजाउने अभ्यास एक महत्वपूर्ण विधि बताइएको छ । यस विधिमा ताली बजाउने र नबजाउनेहरूको एमआरआईको तुलनात्मक अध्ययन गरिएको थियो । अतः बच्चाहरूको मस्तिष्को समुचित वृद्धिका लागि बच्चाहरूलाई तालीको अभ्यास गराउनु राम्रो हुन्छ भनिएको छ ।

जर्नल अफ अक्युपङ्चर एण्ड तुन्या साईन्समा काई क्विसेगं र समूहद्वारा सन् २००३ मा प्रकाशित शोध अनुसार ९८ जना लम्बर भर्टिब्रा हाईपरओस्टिजेनी (रीडको हड्डीमा अस्वभाविक वृद्धिको समस्या) बिरामीमा गरिएको अनुसन्धान अनुसार साधारण अक्युपञ्चर थेरापी भन्दा ताली बजाउनु प्रभावकारी देखिएको थियो ।

ताली हेर्दा सानो अभ्यास भए पनी यसको प्रभाव बहुआयामिक छ । ताली बजाउने हाम्रो परम्परागत संस्कार एवं संस्कृति वैज्ञानिक भएकोले निर्धक्क रूपमा ताली बजाउने अवसरहरूमा हामी दिल र दिमाग खुला राखेर सहभागी बन्नुपर्छ । गाली गरेर आफ्नो मुड बिगार्नु र अरुलाई रिस उठाउनु भन्दा ताली बजाएर आफ्नो मुड र अरुको रिस शान्त गर्ने अभ्यास गरौं ।






AR_Jestha_2083_BW.indd 31 6/27/2026 2:35:33 PM

# समवेदनाले भरिएको आरम्भ






● हरिराम पौडेल

नेपाली गीत, संगीतको बजार अहिले एकल गीततर्फ केन्द्रित हुँदै गएको छ। डिजिटल प्लेटफर्मको प्रभाव, बढ्दो उत्पादन लागत र बदलिँदो श्रोताको रुचिका कारण पूर्ण गीति एल्बम सार्वजनिक गर्ने परम्परा क्रमशः हराउँदै गएको चर्चा संगीत वृत्तमा भइरहेका बेला नेपाली आधुनिक गीत, संगीतको क्षेत्रमा नयाँ उत्साह, संवेदना र सिर्जनात्मक ऊर्जा थप्ने उद्देश्यसहित गीतकार रामेश्वर के.सी.को एकल शब्द, गायिका तथा संगीतकार बबिना भट्टराईको एकल स्वर र संगीतमा तयार गरिएको गीति एल्बम ‘आरम्भ’ औपचारिक रूपमा सार्वजनिक गरिएको छ। काठमाडौमा आयोजित एक भव्य समारोहबीच वरिष्ठ साहित्यकार वियोगी बुढाथोकीको प्रमुख आतिथ्यतामा गीति एल्बम ‘आरम्भ’ विमोचन गरिएको हो।

साहित्य, संगीत र सिर्जनशीलताको सुन्दर संगमका रूपमा प्रस्तुत गरिएको उक्त कार्यक्रममा नेपाली गीत, संगीत क्षेत्रका विभिन्न अग्रज स्रष्टा, संगीतकर्मी, संगीत अनुरागी तथा साहित्यकारहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापा, गीतकार चिन्तामणि सिवाकोटी, वरिष्ठ गीतकार टेक तामाङ, वरिष्ठ गीतकार अमर बान्तु, तारादेवी फाउण्डेशनका कोषाध्यक्ष रमेश थापा तथा वरिष्ठ संगीतकार राजु सिंह विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ साहित्यकार वियोगी बुढाथोकीले गीतकार रामेश्वर के.सी.को सिर्जनात्मक यात्रालाई अत्यन्त आत्मीय ढंगले स्मरण गरेका थिए। उनले रामेश्वर के.सी.को लेखन यात्राको प्रारम्भिक दिनदेखि नै आँफू निकट रूपमा जोडिएको उल्लेख गर्दै सुरुवाती चरणमा उनलाई लेख्न प्रेरित गरेको, लेखनमा आवश्यक परिमार्जन र मार्गदर्शन दिएको प्रसंग सुनाएका थिए।

बुढाथोकीले भावुक हुँदै भने, ‘सिर्जनशील मानिसभित्र सम्भावना त हुन्छ, तर त्यसलाई निरन्तर अभ्यास, प्रेरणा र सही मार्गदर्शनले मात्रै परिपक्व बनाउँछ। रामेश्वरजीमा मैले सुरुदेखि नै एउटा संवेदनशील र गहिरो गीतकारको सम्भावना देखेको थिएँ। आज उहाँ परिपक्व गीतकारका रूपमा स्थापित भएको देख्दा अत्यन्त खुसी लागेको छ।’

उनले रामेश्वर के.सी.का गीतहरूमा जीवनका विविध अनुभूति, प्रेम, विछोड, आत्मीयता र मानवीय संवेदनाको गहिरो चित्रण भएको उल्लेख गर्दै ती शब्दहरूलाई गायिका तथा संगीतकार बबिना भट्टराईले आफ्नो सुमधुर स्वर, संगीत र अभिनयमार्फत जीवन्त बनाएको बताए। उनका अनुसार एउटा गीत केवल शब्दमा सीमित हुँदैन, त्यसलाई श्रोताको मनसम्म पुऱ्याउने काम संगीत, स्वर र अभिव्यक्तिले गर्छ जुन जिम्मेवारी बबिना भट्टराईले अत्यन्त प्रभावकारी रूपमा निर्वाह गरेकी छन्। बुढाथोकीले बबिना भट्टराईको गायन शैलीको मुक्तकण्ठले प्रशंसा गर्दै उनको स्वरमा मिठास, भाव र आत्मीयताको अद्भुत संयोजन रहेको बताए। उनले गीतको संगीतमा समेत बबिनाको पकड परिपक्व देखिएको उल्लेख गरे। भिडियोमा उनको अभिनयले गीतका भावलाई अझ प्रभावशाली भएको बताउदै उनले भने ‘बबिनाले गीत गाएकी मात्र छैनन्, गीतलाई



AR_Jestha_2083_BW.indd 32 6/27/2026 2:35:35 PM

बाँच्न सिकाएकी छिन् ।'

कार्यक्रममा आफ्ना शुभकामना मन्तव्य दिने क्रममा अतिथिहरूले नेपाली गीत, संगीतमा मौलिकता, संवेदना र शब्दको गहिराई हराउँदै गएको वर्तमान अवस्थामा 'आरम्भ' जस्ता सिर्जनाले श्रोतामाझ नयाँ आशा जगाएको बताए । उनीहरूले गीतकार रामेश्वर केसीका शब्दमा जीवन, प्रेम, विछोड, अनुभूति र सामाजिक संवेदनाका विविध आयामहरू अभिव्यक्त भएको उल्लेख गर्दै बबिना भट्टराईको स्वर तथा संगीत संयोजनलाई परिपक्व र भावनात्मक प्रस्तुति भएको प्रतिक्रिया दिएका थिए ।

एल्बम 'आरम्भ' मा पाँच वटा गीतहरू संग्रहित छन् । 'बन्द गर्यौ', 'बानी रहेछ', 'किन चलाउँछौ', 'नजर नजर' र 'निको भएन नि' बोलका गीतहरू समावेश गरिएको उक्त एल्बमले आधुनिक नेपाली गीत, संगीतको भावप्रधान धारालाई समेट्ने प्रयास गरेको देखिन्छ । कार्यक्रममा 'बन्द गर्यौ', 'बानी रहेछ' र 'किन चलाउँछौ' गीतका भिडियोहरू प्रदर्शन गरिएको थियो । भिडियो प्रदर्शनका क्रममा उपस्थित दर्शक तथा संगीतप्रेमीहरूले गीतको भाव, संगीत र दृश्य प्रस्तुतिप्रति सकारात्मक प्रतिक्रिया दिएका थिए ।

कार्यक्रमको अर्को विशेष आकर्षण भने गायिका तथा संगीतकार बबिना भट्टराईको प्रत्यक्ष प्रस्तुति रह्यो । एल्बममा समावेश बाँकी दुई गीतका स्थायी उनले आफ्नो संक्षिप्त मन्तव्यको क्रममा मञ्चमै प्रत्यक्ष गाएर सुनाएकी थिइन् । उनको सशक्त स्वर, भावपूर्ण गायन र आत्मविश्वासी प्रस्तुतिले उपस्थित सबैलाई मन्त्रमुग्ध बनाएको थियो । प्रत्यक्ष गायनमार्फत उनले आँफू केवल स्टुडियो गायिका मात्र नभई मञ्चीय प्रस्तुतिमा समेत सक्षम कलाकार रहेको प्रमाणित गरिन् ।वरिष्ठ संगीतकार राजु सिंहले कार्यक्रममा प्रस्तुत गीतहरूको संक्षिप्त समीक्षात्मक विश्लेषण गर्दै 'आरम्भ' लाई समकालीन नेपाली संगीतमा एउटा सम्भावनाशील र स्तरीय प्रयासका रूपमा व्याख्या गरे । उनले गीतका शब्द चयन, संगीतको संरचना तथा गायन शैलीले आधुनिक संगीतमा मौलिकपन खोज्ने प्रयास गरेको उल्लेख गर्दै आगामी दिनमा यस्ता सिर्जनाले नेपाली संगीतलाई अझ समृद्ध बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रमको सबैभन्दा भावुक क्षण भने तब बन्यो, जब गायिका तथा संगीतकार बबिना भट्टराईकी हजुरआमा मैना देवी भट्टराईले मञ्चमै आफ्नी नातिनीलाई आशिर्वाद व्यक्त गरिन् । नातिनीको सफलताको खुसीसँगै भावुक बनेकी हजुरआमाको अभिव्यक्तिले कार्यक्रमस्थलको वातावरण नै भावनात्मक बनेको थियो । हजुरआमाको आशिर्वाद ग्रहण गर्दै बबिना स्वयं पनि भावुक बनेकी थिइन् । उक्त दृश्यले उपस्थित धेरैलाई परिवारको साथ, संघर्ष र सफलताको भावनात्मक सम्बन्धबारे गहिरो रुपमा सोच्न बाध्य बनाएको थियो ।

'आरम्भ' शीर्षकले नै संकेत गरेझैं यो एल्बम बबिना भट्टराईको सांगीतिक यात्राको एउटा महत्वपूर्ण सुरुवातका रूपमा हेरिएको छ । गीतकार रामेश्वर केसीका संवेदनशील शब्द, बबिना भट्टराईको सुमधुर स्वर र संगीत तथा अनुभवी संगीतकर्मीहरूको साथले एल्बमलाई अझ विशेष बनाएको छ । नेपाली आधुनिक गीत, संगीतप्रेमी श्रोतामाझ 'आरम्भ' ले नयाँ स्वाद, अनुभूति र सांगीतिक गहिराई दिने अपेक्षा गरिएको छ ।

कार्यक्रममा गीतकार रामेश्वर के.सी.ले आफ्नो मन्तव्य राख्दै गीति एल्बम 'आरम्भ' दर्शक तथा श्रोतामाझ ल्याउन पाएकोमा विशेष खुसी व्यक्त गरेका थिए । उनले एउटा सिर्जना केवल शब्दमा सीमित नरहने, त्यसलाई श्रोताको मनसम्म पुर्‍याउन समर्पित स्वर, संगीत र प्रस्तुतिको आवश्यकता पर्ने उल्लेख गर्दै एल्बमलाई पूर्णता दिन गायिका तथा संगीतकार बबिना भट्टराईले खेलेको भूमिकाको खुलेर प्रशंसा गरे ।

उनले 'आरम्भ' लाई केवल एउटा सांगीतिक परियोजना नभई आफ्ना भावना, अनुभव र सिर्जनात्मक यात्राको आत्मीय अभिव्यक्ति भएको उल्लेख गर्दै यसलाई साकार रूप दिन बबिना भट्टराईले देखाएको मेहनत, समर्पण र विश्वासप्रति विशेष आभार व्यक्त गरे । "मेरो शब्दलाई बबिनाजीले आफ्नो सुमधुर स्वर, संगीत र अभिनयमार्फत जीवन दिनुभएको छ," उनले भावुक हुँदै भने, "उहाँको साथबिना 'आरम्भ' आजको यो स्वरूपमा दर्शक, श्रोतामाझ आउन सम्भव नै थिएन ।"

गीति एल्बम 'आरम्भ' सार्वजनिक भएको विशेष अवसर गीतकार रामेश्वर के.सी. का लागि केवल सांगीतिक उत्सवमा मात्र सीमित रहेन, त्यो क्षण उनको सिर्जनात्मक यात्राको अर्को महत्वपूर्ण अध्यायका रूपमा पनि स्मरणीय बन्यो । एल्बम विमोचन समारोहकै अवसरमा उनले गीतकार संघ नेपालको आजीवन सदस्यता ग्रहण गर्दै आफूलाई औपचारिक रूपमा संस्थासँग आबद्ध गरेका छन् । कार्यक्रमका बीच अत्यन्त आत्मीय वातावरणमा गीतकार रामेश्वर के.सी.ले आजीवन सदस्यता शुल्क स्वरूप रु. पच्चीस हजार गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापालाई हस्तान्तरण गरेका थिए । सदस्यता ग्रहणपछि मन्तव्य व्यक्त गर्दै उनले नेपाली गीत, संगीत र स्रष्टाको हकहितका लागि निरन्तर क्रियाशील संस्थासँग आजीवन रूपमा जोडिन पाउँदा आफू गौरवान्वित र खुसी भएको बताए ।

उनले गीतकार संघ नेपालले नेपाली गीतको संरक्षण, प्रवर्द्धन र स्रष्टाको सम्मानका लागि खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा संस्थाका गतिविधिहरूमा आँफूले सक्दो योगदान दिने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । "गीत र सिर्जनालाई जीवनको अभिन्न हिस्सा मानेर अघि बढिरहेको म जस्ता स्रष्टाका लागि गीतकार संघ नेपालसँग आबद्ध हुनु गर्वको विषय हो," उनले भने, "यो केवल सदस्यता होइन, सिर्जना र स्रष्टाप्रतिको उत्तरदायित्वसँग जोडिने एउटा आत्मीय सम्बन्ध पनि हो ।"

त्यस अवसरमा गीतकार संघ नेपालका अध्यक्ष बसन्त वित्यासी थापाले गीतकार रामेश्वर के.सी.लाई संस्थामा हार्दिक स्वागत गर्दै उनको सक्रियता, सिर्जनशीलता र संस्थाप्रतिको विश्वासले आगामी दिनमा संघका गतिविधिलाई थप ऊर्जा मिल्ने विश्वास व्यक्त गरे । उनले रामेश्वर के.सी.का गीतहरूमा संवेदना, आत्मीयता र समकालीन जीवनको अनुभूति पाइने उल्लेख गर्दै यस्ता स्रष्टाको संस्थामा आवद्धता संस्थाका लागि सकारात्मक पक्ष भएको बताए ।

कार्यक्रमको एक अत्यन्त भावुक र स्मरणीय क्षण त्यतिबेला बन्यो, जब अध्यक्ष बसन्त वित्यासी थापाले आफूले लगाइरहेको गीतकार संघ नेपालको पिन निकालेर आफ्नै हातले गीतकार रामेश्वर के.सी.को छातीमा लगाइदिए । आत्मीय सम्मान र अपनत्वले भरिएको उक्त दृश्यले समारोहमा उपस्थित धेरैलाई भावुक बनाएको थियो ।अध्यक्ष थापाको त्यो आत्मीय भावबाट गीतकार रामेश्वर के.सी. स्वयं पनि भावुक बनेका थिए । उनका आँखामा देखिएको भावनात्मक चमकले त्यो क्षण केवल औपचारिक सदस्यता ग्रहण नभई स्रष्टाबीचको आत्मीय सम्बन्ध, सम्मान र विश्वासको प्रतीक बनेको अनुभूति दिलाइरहेको थियो ।

नेपाली संगीत क्षेत्र डिजिटल युगसँगै तीव्र रूपमा परिवर्तन भइरहेका बेला 'आरम्भ' ले पुरानो एल्बम संस्कृतिलाई नयाँ पुस्तासँग जोड्ने एउटा प्रयासका रूपमा आफूलाई प्रस्तुत गरेको देखिन्छ । संगीत बजार चुनौतीपूर्ण बनेको वर्तमान समयमा पनि एल्बम संस्कृति जोगाउने प्रयासस्वरूप 'आरम्भ' आएको भन्दै कार्यक्रममा सहभागीहरूले यसको प्रशंसा गरेका थिए ।

गीति एल्वम 'आरम्भ' भित्र समेटिएका गीतहरूमा प्रकाश खरेल, प्रकाश मिश्र र प्रकाश के.सी. को मिक्सिङ/मास्टरिङ रहेको छ भने गीतको ऐरेन्ज विनोद कुमार भुजेल, सञ्जय श्रीपाल, महाराज थापाको रहेको छ । गीतको भिडियो केशवराज भट्ट, ऐ.जे. अजुले निर्देशन गरेका छन् भने मीन बहादुर रावल, दिन्सन शाहले सम्पादन गरेका छन् । भिडियोमा गायिका तथा संगीतकार बबिना भट्टराई र चर्चित कलाकार यशराज गराच, सौर्य तिरुवा फिचर्ड रहेका छन् ।

नेपाली संगीत बजार तीव्र रूपमा डिजिटल र एकल गीतमुखी बन्दै गइरहेका बेला 'आरम्भ' ले एल्बम संस्कृतिलाई पुनः सम्झाउने प्रयास गरेको छ । सिर्जनात्मक जोखिम, संगीतप्रतिको समर्पण र सामूहिक मेहनतको प्रतिफलका रूपमा आएको गीति एल्वम 'आरम्भ' ले नेपाली आधुनिक गीत, संगीतमा नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ ।



AR_Jestha_2083_BW.indd 33 6/27/2026 2:35:35 PM

# कान्समा 'एलिफेन्ट्स इन द फग'लाई 'जुरी प्राइज'

अविनाशविक्रम शाह निर्देशित नेपाली फिल्म 'एलिफेन्ट्स इन द फग'ले विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलको अन सर्टेन रिगार्ड विधामा 'जुरी प्राइज' जितेको छ ।

नेपाली फिल्मले विश्वप्रसिद्ध फेस्टिभलको मञ्चमा यो महत्वपूर्ण पुरस्कार जितेको हो । शाह निर्देशित छोटो फिल्म 'लोरी'ले यसअघि पनि कान्समा स्पेसल मेन्सन पुरस्कार जितेको थियो ।

यस विधाको मुख्य 'अन सर्टेन रिगार्ड प्राइज' अस्ट्रियाली निर्देशक सान्द्रा वोल्नरको फिल्म 'एभ्रिटाइम'ले जित्यो । 'स्पेशल जुरी प्राइज' फ्रान्सेली निर्देशक लुइस क्लिसीको फिल्म 'आइरन ब्वाय'लाई प्रदान गरियो ।




उत्कृष्ट अभिनेतातर्फ 'कंगो ब्वाय'का अभिनेता ब्राड्ली फियोमोना डेम्बेआसेट पुरस्कृत भए । उक्त फिल्मका निर्देशक राफिकी फारियाला हुन् ।

उत्कृष्ट अभिनेत्रीको पुरस्कार 'सिएम्प्रे सोय तु एनिमल मातेर्नो'का कलाकार मरिना डे टाभिरा, डानिएला मारिन नाभारो र मारिएन्जेल भिलेगासलाई संयुक्त रूपमा प्रदान गरिएको हो । फिल्मको निर्देशन भालेन्टिना माउरेलले गरेकी हुन् ।

# पर्लैंटीमा गुन्जियो गीतकार शिवशंकर थापाको अतीत




कालिकास्थानस्थित नेपालयको 'आर'शालामा प्रसिद्ध गीतकार शिवशंकर थापाको 'पर्लैंटी' सम्पन्न भएको छ । विगत २१ वर्ष पहिले सुरु भएको 'पर्लैंटी'को हरेक महिनाको अन्तिम शुक्रबार प्रारम्भ हुने गर्छ ।

यस कार्यक्रमले नेपाली आधुनिक संगीत विधाका गीतकार संगीतकार र गायकलाई समानान्तर रूपमा प्रस्तुत गर्दै आएको छ । शिवशंकर थापासँगै पर्लैंटीमा संलग्न गीतकारको संख्या एक दर्जन पुगेको छ ।

संगीतकार आभासले सञ्चालन गरेको कार्यक्रमलाई तीन खण्डमा विभाजन गरेर प्रस्तुत गरिएको थियो । पहिलो खण्डमा नयाँ र पुराना गीत गरी पाँचवटा सांगीतिक प्रस्तुतिहरू भएका थिए । जसमा संगीतकार सुवर्ण लिम्बु, प्रकाश गुरुङ, आभास र बलराम समालका धुनहरू समावेश थिए ।

कार्यक्रममा गीत संगीतका साथसाथै गीतकार शिवशंकर थापाको गीति रचनाको रचना-गर्भ र व्यक्तिगत अनुभूतिको खुलासा मूल आकर्षणमा रहेको थियो । सांगीतिक प्रस्तुतिसँगै गीतकारले आफ्नो अतीत खोल्दै गएका थिए । कार्यक्रमको सुरुआत पवन गोलेको स्वरमा प्रसिद्ध बनेको सुवर्ण लिम्बुद्वारा संगीतबद्ध गीत 'हावासँगै बगुँ भन्छ'बाट भएको थियो । त्यसपछि संगीतकार प्रकाश गुरुङद्वारा धुन भरिएका 'मेरो रहर बिउँझिएर' र 'केही ल्याउन सकिनँ' बोलका गीतहरू प्रस्तुत भएका थिए ।

चौथो प्रस्तुतिमा नयाँ गीत 'म त अक्षरको मान्छे हुँ' बोलको गीत रहेको थियो । पाँचौं प्रस्तुतिमा शिवशंकर थापा निकै भावुक देखिन्थे । संगीतकार बलराम समालले धुन भरेको 'कति साह्रो फाटेछु म' बोलको गीत आफ्नी श्रीमतीको अवसानपछिको एक्लोपनबाट अभिप्रेरित भएको सन्दर्भ कोट्याउँदा थापाका गह रसिला देखिन्थे ।

दोस्रो खण्डमा गायक तथा संगीतकार दीप श्रेष्ठको कण्ठमा प्रसिद्ध भएका गीतहरू समावेश गरिएका थिए । यस खण्डको पहिलो प्रस्तुति 'मेरो आँखामा भरदिन बादल छाइरह्यो' बोलको गीत रहेको थियो । यस गीतको रचना-गर्भ उल्लेख गर्ने क्रममा गीतकार थापाले झापा विद्रोहका बन्दीहरूलाई जेल सार्ने क्रममा भएको 'सुखानी हत्याकाण्ड'को सम्झना गरेका थिए । उनले आफ्नो यो रचना २०२९ साल फागुन २१ गते इलाममा घटेको सोही घटनाबाट प्रेरित भएको सुनाए ।

दीप श्रेष्ठद्वारा संगीतबद्ध रचना सुनाउने क्रमको दोस्रो रचना 'तिमी आकाशको जून भयौ, म त यहाँको धुलो हुँ' रहेको थियो । यो गीत शिवशंकर थापाको धुन भरिएको पहिलो गीति रचना थियो । यस रचनासँगै शिवशंकर थापाले आफ्नो वैयक्तिक अनुभूति सुनाए ।

रेडियोबाट आफ्नो नाम यही गीतमार्फत पहिलोपल्ट सुनेको सम्झना गर्दै शिव शंकर थापा भन्दै थिए - 'धरानको कुनै होटलमा चिया खाँदैगर्दा यो गीत सुनेको त्यो क्षण अहिले पनि सम्झनामा छ । त्यसबेला मलाई लागेको थियो- 'मेरी ती अमुक धनाढ्य प्रेमिकाले पनि यो गीत कतै रेडियोबाट सुन्दै पो होलिन् कि ?... ओहो त्यो उमेर नै कस्तो रोमाञ्चक उमेर ?'

गीतकार थापाले प्रत्येक गीतका रचना गर्भ सुनाउँदै कार्यक्रम अघि बढेको थियो ।



AR_Jestha_2083_BW.indd 34 6/27/2026 2:35:36 PM

# 'नेपाल एभरेस्ट फिल्म फेस्टिभलले नेपाली चलचित्रलाई चिनियाँ बजारसँग जोड्यो'



चीनको हुनान प्रान्तमा हालै सम्पन्न '२०२६ नेपाल एभरेष्ट फिल्म फेस्टिभल'ले नेपाली चलचित्रलाई चिनियाँ बजारसँग जोड्ने महत्वपूर्ण काम गरेको आयोजकले जनाएको छ।

नेपाल-चीन कूटनीतिक सम्बन्धको ७१ औं वार्षिकोत्सवको अवसरमा अप्रिल १४ देखि १९ सम्म छाङ्शा र हेड्याङमा सम्पन्न महोत्सवमा 'कबड्डी ४', 'छक्का पञ्जा ५', 'महाजात्रा', 'अञ्जिला', 'तेल-भिसा' र 'होस्टेल ३' प्रदर्शन गरिएको थियो।

चलचित्र विकास बोर्डमा आयोजित एक कार्यक्रममा फेस्टिभलका अध्यक्ष करूण थापाले नेपाली चलचित्रलाई चिनियाँ बजारमा पुऱ्याउने, सहकार्य र सह-निर्माणको सम्भावना विस्तार गर्ने उद्देश्यले फेस्टिभल आयोजना गरिएको बताए।

अध्यक्ष थापाले दुई देशबीच चलचित्र आदानप्रदानलाई निरन्तरता दिनुपर्नेमा समेत जोड दिए। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेशराज दाहालले यस्ता महोत्सवले नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तारमा सहयोग पुग्ने बताए।

कार्यक्रममा चलचित्रकर्मी, निर्माता, निर्देशक, कलाकार तथा विभिन्न चलचित्र संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

जे देखियो

# सम्पती विवरण नबुझाए....

मुलुकमा सुशासन कायम गर्ने र सार्वजनिक प्रशासनलाई जवाफदेही बनाउने भन्दै यतिबेला सरकारी निकायहरू निकै आक्रामक रूपमा प्रस्तुत हुन थालेका छन्। एकातिर राज्यको पद र ढुकुटीको दुरुपयोग गरी अस्वाभाविक रूपमा सम्पत्ति कमाउनेहरूमाथि निशाना साधिँदै छ भने, अर्कोतिर राज्यको करबाट तलब खाएर बिदाको नाममा टाप कस्ने कर्मचारीलाई पनि तह लगाउने तयारी गरिएको छ।

मुलुकमा प्रजातन्त्र पुन:स्थापना भएको करिब ३५ वर्ष भयो। यो अवधिमा कति सरकारहरू आए, कति बदलिए। तर, सार्वजनिक पदमा पुगेका व्यक्तिहरूको सम्पत्ति सधैँ प्रश्नको घेरामा रहिरह्यो। यही प्रश्नको निरुपण गर्न वर्तमान सरकारले गठन गरेको पाँच सदस्यीय सम्पत्ति छानबिन आयोगले अहिले आफ्नो सक्रियता तीव्र पारेको छ।

आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीका अनुसार, आउँदो जेठ मसान्तभित्र करिब ४० देखि ५० हजार सार्वजनिक पदाधिकारीहरूले आफ्नो सम्पत्तिको नालीबेली बुझाउनुपर्नेछ।



उत्तमबाबु भट्टराई

चाहे ती बहालवाला वा पूर्वप्रधानमन्त्री हुन्, चाहे मन्त्री, सल्लाहकार वा स्वकीय सचिव। चाहे कूटनीतिक नियोगका उच्च अधिकारी हुन्, चाहे विश्वविद्यालयका प्राध्यापक वा पालिकाका जनप्रतिनिधि। २०४८ सालदेखि २०८३ सालसम्मको अवधिमा राजपत्राङ्कित विशिष्ट एवं प्रथम श्रेणी वा सोसरहको पदमा बसेका प्रत्येकले आफ्नो र आफ्नो परिवारको नाममा स्वदेश वा विदेशमा रहेको सम्पत्ति सार्वजनिक गर्नैपर्नेछ।

आयोगले यो ३५ वर्षको अवधिलाई दुई चरणमा बाँडेर फाइलहरू पल्टाउने भएको छ। यदि कसैले पदको दुरुपयोग गरी अस्वाभाविक कमाइ गरेको शंका लागेमा, सर्वसाधारणले समेत हुलाक वा इमेलमार्फत उजुरी दिन सक्ने व्यवस्था मिलाइएको छ।

यो त भयो नेता र उच्च हाकिमहरूको सम्पत्तिको कुरा। अब कुरा गरौं, निजामती प्रशासनभित्र जरा गाडेर बसेको अर्को बेथितिको।

अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत गराउने, विदेश सयर गर्ने वा अन्यत्रै काम गर्ने, तर बिदा सकिएपछि पनि वर्षौंसम्म कार्यक्षेत्रमा नफर्कने! निजामती सेवाभित्रको यो रोग अब निको पार्ने मुडमा सरकार पुगेको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एउटा कडा सूचना जारी गरेर स्पष्ट शब्दमा भनेको छ– बिदामा बसेर सम्पर्कविहीन भएका कर्मचारीहरूले यो सूचना आएको तीन दिनभित्र आफ्नो हाजिरी र व्यक्तिगत विवरण अद्यावधिक गराउनुपर्नेछ। यदि राष्ट्रिय किताबखानासँगको समन्वयमा विवरण बुझाउन ढिलाइ गरे वा अटेर गरे, उनीहरूमाथि प्रचलित कानुनबमोजिम कडा कारबाही प्रक्रिया अघि बढाइनेछ।

नेतादेखि कर्मचारीसम्मको सम्पत्ति खोतल्ने आयोगको यो प्रयास र बिदाका नाममा राज्यलाई ठग्नेहरूलाई तह लगाउने मन्त्रालयको यो चेतावनी– यी दुवै कदम सुन्दा लाग्छ, राज्य संयन्त्र बिस्तारै सही बाटोमा फर्कन खोज्दैछ।

तर, कागजमा नियम बनाउनु र त्यसलाई व्यवहारमा उतार्नु हामीकहाँ सधैँ दुईवटा फरक कुरा बनिदिन्छन्। सम्पत्ति छानबिनको यो महाअभियान र प्रशासनिक सुधारका यी कडा कदमहरू केवल प्रचारबाजीमा मात्रै सीमित हुन्छन् कि यसले वास्तवमै सुशासनको नयाँ जग बसाल्छ? त्यो भने आगामी दिनमा देखिने परिणामले नै पुष्टि गर्नेछ।



AR_Jestha_2083_BW.indd 35 6/27/2026 2:35:36 PM

# शान्ति र सद्भाव कायम गरौं ।

- शान्ति र सद्भाव कायम गरौं।
- शान्ति, अहिसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौ,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौ,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं ।
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौ,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुर्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**




AR_Jestha_2083_BW.indd 36 6/27/2026 2:35:36 PM


www.jbbl.com.np
ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
परिवर्तनको ज्योति
ज्योति घर कर्जा
Fixed Interest Rate
सर्तहरु लागु हुनेछ।
FIXED RATE
८.४९%
आफ्नै घर, अब छैन टाढा
८०% सम्म फाइनान्सिङ्गको सुविधा
७ वर्षको लागि स्थिर ब्याजदर
यो स्किम सिमित अवधि / रकम सिमाको लागि मात्र उपलब्ध छ

**HARDIK**
IVF and Fertility Center
Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो बिशेषज्ञ डाक्टरहरुसंग
निःशुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस ।

01-5971461, 5917982, 9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं


IME
२५
औं वार्षिकोत्सव
imeगर
विदेशबाट पठाएको IME,
तपाईंको विश्वास र
हाम्रो जिम्मेवारी
विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।
IME®
International Money Express
Fast, Reliable And Secure Remittance
khalti
by IME

म.क्षे.हु.नि.द.नं. ७/०८०/८१

# हार्दिक बधाई तथा शुभकामना



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विशेष महाधिवेशनबाट अध्यक्षमा डिकबहादुर खत्री (कुमार), प्रथम उपाध्यक्षमा महेश बस्नेत, द्वितीय उपाध्यक्षमा अनिल बोगटी, तृतीय उपाध्यक्षमा लक्ष्मण पौडेल, महासचिवमा हरि डाँगी, सचिवमा केदारनाथ अधिकारी, कोषाध्यक्षमा धनमाया सिन्जाली तथा कार्यसमिति सदस्यहरुमा रमा खड्का, विवश ढुंगाना, ध्रुव जी.सी., तारामणि राई, तारा तामाङ, रविन्द्र राई र भावना गजुरेल विजयी हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं । नवनिर्वाचित नेतृत्वले वैदेशिक रोजगार क्षेत्रको मर्यादा, पारदर्शिता, व्यावसायिक एकता तथा व्यवसायीहरुको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै संघलाई अझ सशक्त, प्रभावकारी र गौरवशाली बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं ।

**रघुनाथ पुरी, संयोजक**

## संयुक्त व्यवसायी प्यानल,
## निर्वाचन परिचालन मुल समिति तथा

## द रिभर ओभरसिज प्रा.लि.
बत्तिसपुतली, काठमाडौं